# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१९१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २७९ | काठमाडौं | शनिबार, २४ माघ २०८२ | Prabhab National Daily | Saturday, 07 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-

# सिन्धुपाल्चोक-२ मा त्रिपक्षीय भिडन्त

- एमालेका शेरबहादुर तामाङ, कांग्रेसका वंशलाल तामाङ र नेकपाका युवराज दुलालबीच कडा टक्कर
- चुनावी गठबन्धन नगर्दा जित आफ्नो पक्षमा पर्ने शेरबहादुरको दाबी
- इन्द्रावती गाउँपालिकाको अध्यक्ष बनेर विकासमा प्रतिबद्ध रहेको परिचय बनाएका वंशलाल यस क्षेत्रको विकासमा आफ्नो अनुभव प्रयोग गर्ने प्रतिबद्धतासहित चुनावी मैदानमा
- दुईपटक बागमती प्रदेशसभा सदस्य निर्वाचित भएर मन्त्रीसमेत भइसकेका दुलाल पहिलो प्रयासमै संघीय संसद्मा पुग्ने दाउमा


शेरबहादुर तामाङ


वंशलाल तामाङ


युवराज दुलाल

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** कुनै बेला पशुपति शमशेर राणाको किल्लाका रूपमा चिनिएको सिन्धुपाल्चोक क्षेत्र नम्बर २ मा यसपटक त्रिपक्षीय भिडन्त हुने भएको छ । राणाको किल्ला भत्काएका एमालेका शेरबहादुर तामाङ, कांग्रेसका वंशलाल तामाङ र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का युवराज दुलालबीच यसपटक कडा टक्कर हुने देखिएको हो ।

राणाले करिब ३० वर्ष वर्चश्व जमाएको क्षेत्रमा २०७९ अघिसम्म भने शेरबहादुरले वर्चश्व जमाएका थिए । राणाले २०७४ मा कांग्रेससँग मिलेर अन्तिम चुनाव लड्दा एमालेका शेरबहादुर ३८ हजार ४०१ मत पाएर निर्वाचित भएका थिए । २०७९ को निर्वाचनमा भने यो क्षेत्रमा तत्कालीन माओवादी केन्द्रको साथ पाएसँगै कांग्रेसले इतिहासमै पहिलो जित निकालेको थियो । जिल्लाको क्षेत्र नम्बर १ बाट राजनीति गर्दै आएका पूर्वमन्त्री मोहन बस्नेतले ३९ हजार ३८१ मत पाउँदै निर्वाचित हुँदा एमालेका शेरबहादुरले २७ हजार ५१५ मत ल्याएका थिए ।

गत निर्वाचनमा पराजित शेरबहादुरलाई एमालेले यसपटक पनि टिकट दिएको छ । संविधानसभा निर्वाचनदेखि प्रतिनिधिसभा निर्वाचन जितेर राणाको एकल राज तोडेका उनी मन्त्रीसमेत भइसकेका छन् । कुनै पनि दलले चुनावी गठबन्धन नगर्दा जित आफ्नो पक्षमा पर्ने दावीकासाथ उनी चुनावी मैदानमा छन् । उनी अहिले घरदैलोको क्रममा पाँचपोखरी थाङपाल गाउँपालिकामा छन् । 'यो क्षेत्र मेरो मन्दिर भएकोले यहाँको विकासका लागि म बफादार छु । यसपटक पनि सहयोग गर्नेमा म ढुक्क छु,' शेरबहादुरले प्रभावसँग भने ।

कांग्रेसले यहाँ दोस्रो जित निकाल्न भन्दै यसपटक वंशलाललाई टिकट दिएको छ । वंशलाल उनै नेता हुन् जसले इन्द्रावती गाउँपालिकाको अध्यक्ष बनेर विकासमा प्रतिबद्ध रहेको परिचय दिइसकेका छन् । संघीय निर्वाचनमा पहिलोपटक प्रतिस्पर्धामा उत्रेका उनी अमेरिकामा लामो समय बिताएर स्वदेश फर्केका हुन् । सानैबाट कांग्रेस राजनीतिमा भिजेका वंशलालप्रति यसपटक यो क्षेत्रका मतदाताको आकर्षित रहेको बताइन्छ । टिकट वितरणमा असन्तुष्ट बस्नेतसमेत उनको निर्वाचन कार्यक्रममा संलग्न भइसकेका छन् । जिल्लाको विकासका लागि आफ्नो अनुभव प्रयोग गर्ने उनले बताएका छन् ।

यता नेकपाबाट उम्मेदवार बनेका दुलाल बागमती प्रदेशसभा सदस्य हुँदै पटक-पटक प्रदेश मन्त्री भइसकेका छन् । दुलाल नेकपा संयोजक पुष्पकमल दाहालनिकट नेता हुन् । बागमती प्रदेशमा मन्त्री हुँदा दुलालले यो क्षेत्रमा विकासका योजनाहरू भित्र्याएका कारण क्षेत्रबासीमा लोकप्रिय छन् । दुईपटक प्रदेशसभा सदस्य निर्वाचित दुलाल पहिलो प्रयासमै संघीय संसद् छिर्ने दाउमा छन् ।

२०३० सालदेखि यो क्षेत्रको राजनीतिक केन्द्रमा रहेका ८४ वर्षे शमशेरले भने ३५ वर्षे इञ्जिनियर गोपीकृष्ण चौलागाईलाई आफ्नो उत्तराधिकारी बनाएका छन् । शमशेरले ६० सालयता आफू पराजित भएसँगै यो क्षेत्रमा विकासका गतिविधि रोकेको दाबी गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले यहाँ झलक श्रेष्ठलाई उम्मेदवार बनाएको छ । अघिल्लो निर्वाचनमा रास्वपाकी माया गुरुङले दुई हजार ४५३ मत पाएकी थिइन् ।

⏭ क्रमशः पृष्ठ २ मा

# चेतनाको राजनीति सिकाउँदै गगन उत्तेजनामा उत्रँदै विश्वप्रकाश

**■ प्रभाव संवाददाता**





**काठमाडौं–** नेपाली कांग्रेसमा अहिले गगन थापा र विश्वप्रकाश शर्माको जोडीलाई कुनै बेलाको बिपी कोइराला र सुवर्ण शमशेरको जोडीको रूपमा लिइन्छ । यसरी नै विशेष महाधिवेशनबाट थापा सभापति र शर्मा उपसभापतिमा निर्वाचित भए ।

थापा-शर्मालाई अहिले राजनीतिक आशाका रूपमा हेरिएको छ । प्रश्न र आलोचनाबाटै नेतृत्वमा उदाएका थापा अचेल भन्छन्- अब चेतनाको राजनीति चाहिन्छ । आगो त जसले पनि लगाउन सक्छ ।

शुक्रबार पोखरा पुगेर उनले संवेदनशील अवस्थामा जिम्मेवार राजनीतिक शक्तिको खाँचो रहेको बताएका हुन् । जिम्मेवार पार्टी नेपाली कांग्रेस भएको दावी पनि गरे । 'देश सम्हाल्ने शक्ति चाहिएको छ अहिले । आगो जसले पनि लगाउन सक्छ, निभाउनलाई धैर्यता चाहिन्छ, क्षमता चाहिन्छ । त्यो तागत हामीले राख्नुपर्ने छ । उत्तेजना जसले पनि फैलाउन सक्छ, तर चेतनाको राजनीति गर्ने शक्ति चाहिएको छ हामीलाई । त्यो कांग्रेस हो । हामीले मिलाउँछौं, हामीले सम्हाल्छौं,' सभापति थापाले भने ।

सरकार उत्तरदायी नहुँदा जनता रिसाएको थापाको भनाइ थियो । चरम निराशाका कारण भित्रभित्रै आगो बलिरहेकोले यसलाई कांग्रेसले सम्हाल्नुपर्ने बताए । 'नागरिकमा रिस छ । त्यो रिस गहिरो छ । राज्यका संस्थाहरू, संविधान, अदालत, राजनीतिक दल र नेतृत्वप्रति चरम अविश्वास छ,' उनले अघि थपे, 'यो अविश्वास झाँगिदै गएर सिंगो देशले नै आत्मविश्वास गुमाएको जस्तो अवस्था छ । समाजमा एउटा ठूलो कोलाहल छ, भित्रभित्र आगो बलिरहेको छ । यो बेलामा नेपाली कांग्रेस पार्टीको जिम्मेवारी हो यसलाई सम्हाल्ने ।'

फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिँदा खास गरी नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीबीच चर्को आरोपप्रत्यारोप छ । यो बीचमा कांग्रेस सम्हालिनुपर्ने सभापति थापा नै बताउँछन् । कांग्रेसले अरु दललाई गाली नगरी घोषणापत्र ल्याउनेसमेत तयारी गरिरहेको थापा बताउँछन् ।

तर थापाकै जोडी शर्मा भने नयाँ दलदेखि पुराना दलसम्मलाई कटाक्ष गर्न भ्याएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले बालेन्द्र शाहलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएको छ । यसप्रति कटाक्ष गर्दै उपसभापति शर्माले कुनै योगदान नभएको व्यक्तिलाई रास्वपाले करारमा प्रधानमन्त्री बनाउन लागेको आरोप लगाए ।

'रास्वपा करारमा प्रधानमन्त्री नियुक्त गर्नेगरी अघि बढेको छ । प्रधानमन्त्री पद नै करारमा ! करारमा कर्मचारी नियुक्ति त सुनिएको तर आज देशको प्रधानमन्त्री बनाउने भनेर जाँदै गर्दा फाउण्डेसनमा केही हुनुपर्‍यो,' शुक्रबार ललितपुरमा आयोजित कार्यक्रममा शर्माले भने । कांग्रेसले प्रधानमन्त्रीका रूपमा उभ्याएको सभापति थापाले देशका लागि ठूलो योगदान गरेको शर्माको तर्क थियो ।

> “ देश सम्हाल्ने शक्ति चाहिएको छ अहिले । आगो जसले पनि लगाउन सक्छ, निभाउनलाई धैर्यता चाहिन्छ, क्षमता चाहिन्छ । त्यो तागत हामीले राख्नुपर्ने छ ।
>
> **■ गगन थापा**
> **सभापति, नेपाली कांग्रेस**

> रास्वपा करारमा प्रधानमन्त्री नियुक्त गर्नेगरी अघि बढेको छ । प्रधानमन्त्री पद नै करारमा ! करारमा कर्मचारी नियुक्ति त सुनिएको तर आज देशको प्रधानमन्त्री बनाउने भनेर जाँदै गर्दा फाउण्डेसनमा केही हुनुपर्‍यो ।
>
> **■ विश्वप्रकाश शर्मा**
> **उपसभापति, नेपाली कांग्रेस**

'गगन थापाले कांग्रेसको चारतारे झण्डा बोकेर दरबारको अघिल्तिर महराज संविधानमुनि नबस्ने हो भने जमिनमुनि बस्ने दिन आउँला गणतन्त्र जिन्दावाद भनेर नारा लाउँदै गर्दा यो चारतारे झण्डामा फाउण्डेसनमा गगन थापा जोडिएको छ । संगठनको तलदेखि उठ्दै उठ्दै महामन्त्री हुँदै सभापति हुनुभएको हो । कुनै करारमा नियुक्त गरिएको, फुत्त बोलाएर भाडामा सम्झौता गरिएको हैन,' उनले भने ।

नयाँ दलमाथिमात्रै नभई शर्माले पुराना दलमाथि पनि कटाक्ष गर्न भ्याए । उनले एमालेले महाधिवेशनको नाममा विधानलाई नै बदलेको आरोप लगाए । 'जेन-जी आन्दोलनपछि एमालेले विधान बदल्यौं भन्छ । विधानमा के बदल्यो ? भन्दा उसले हाम्रो बा दुईपटक अध्यक्ष भइसकेपछि रिटायर्ड हुन लाग्नुभएको थियो, विधानले रोक्दै थियो, विधानलाई बदलेर तीनपटक पनि अध्यक्ष हुने व्यवस्था गर्यौं भनेर एमालेले भन्ने अवस्था छ ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# छ महिनामा भित्रियो साढे १० खर्बभन्दा बढी रेमिट्यान्स

**■ प्रभाव संवाददाता**



**काठमाडौं–** पछिल्लो समय मुलुक भित्रने विप्रेषण (रेमिटयान्स)ले कीर्तिमान राख्ने क्रम जारी छ । चालु आर्थिक वर्ष २०८२/८३ को छ महिनामा साढे १० खर्बभन्दा बढी रेमिटयान्स मुलुक भित्रिएको छ । यो छ महिनाको अवधिमा वैदेशिक रोजगारीबाट भित्रिएको हालसम्मकै सबैभन्दा बढी रकम हो ।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार चालु आवको छ महिनामा विप्रेषण आप्रवाह ३९.१ प्रतिशतले बढेर १० खर्ब ६२ अर्ब ९३ करोड रूपैयाँ पुगेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा ४.१ प्रतिशतले बढेर सात खर्ब ६३ अर्ब आठ करोड रूपैयाँ रेमिटयान्स भित्रिएको थियो । यसपटक अघिल्लो वर्षकोभन्दा दुई खर्ब ९८ अर्ब ८४ करोड रूपैयाँ बढी विप्रेषण आएको छ ।

पुस महिनामा मात्र एक खर्ब ९२ अर्ब ६२ करोड रूपैयाँ प्राप्त भएको छ । यो रकम चालु आवको एक महिनामा भित्रिएको दोस्रो बढी रकम हो । गत असोजमा सबैभन्दा बढी दुई खर्ब रूपैयाँभन्दा बढी रकम आएको थियो । अघिल्लो वर्षको पुस महिनामा एक खर्ब २२ अर्ब ४४ करोड रूपैयाँ रकम आएको थियो । यस वर्षको पुसमा अघिल्लो पटककोभन्दा ७० अर्ब १८ करोड रूपैयाँ बढी रकम रेमिटयान्समार्फत आएको राष्ट्र बैंकले उल्लेख गरेको छ ।

छ महिनाको अवधिमा संस्थागत र व्यक्तिगत माध्यमबाट दुई लाख छ हजार ८०७ जना रोजगारीमा जाँदा श्रम स्वीकृति नवीकरण गरेर एक लाख ९४ हजार ७३३ जना गएका छन् । जबकि, अघिल्लो आर्थिक वर्षमा संस्थागत र व्यक्तिगत माध्यमबाट दुई लाख ३० हजार ८३९ जना र पुनः श्रम स्वीकृति लिएर एक लाख ६२ हजार ६२८ जना गरी कूल तीन लाख ९३ हजार परदेसिएका थिए । अघिल्लो वर्षको तुलनामा यस वर्ष श्रम स्वीकृति नवीकरण गरेर जानेहरूको संख्या बढेको छ भने संस्थागत र व्यक्तिगतरूपमा जानेको संख्या केही घटेको छ ।

## यसकारण बढ्दै छ रेमिट्यान्स

विगतका वर्षहरूभन्दा तुलनात्मकरूपमा विप्रेषण आप्रवाह (रेमिटयान्स) बढ्नुमा विभिन्न पक्षको भूमिका रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ । अमेरिकी डलरको भाउ बढ्नु, वैदेशिक रोजगारीमा जानेको संख्यामा बढ्नु, सीपयुक्त भएर जानुलगायतका कारण मुलुक भित्रने रेमिटयान्समा वृद्धि हुन थालेको राष्ट्र बैंकका प्रवक्ता गुरूप्रसाद पौडेलले बताए ।

'हाल नेपाली मुद्रा डिभ्यालुएसन भएकाले उताबाट पठाउने पैसा बढी भएको छ । डलरको भाउ बढेकाले यही बेला पठाइहालौं न भन्नेहरू हुन्छन्,' उनले भने, 'जानेहरूको संख्या पनि पछिल्लो समय बढेको छ । जाने नेपालीहरू पनि सीप लिएर जानुका साथै कोरिया, जापानलगायतका मुलुक जानेहरूले बढी रकम पठाउन थालेर पनि हो ।'

आव २०७५/७६ को तथ्यांक हेर्दा रोजगारीमा गएका आधाभन्दा बढी अदक्ष कामदार रहेको पाइन्छ । त्यस वर्ष कूल पाँच लाख आठ हजार ८२७ जना रोजगारीमा जाँदा दुई लाख ८५ हजार ४४५ जना अर्थात् ५६.०९ प्रतिशत अदक्ष कामदार विदेसिएका थिए । अघिल्लो आव २०८१/८२ को तथ्यांक हेर्दा उक्त अवस्थामा निकै सुधार भएको पाइन्छ । अघिल्लो वर्ष सीप नसिकी रोजगारीमा जाने कामदार २७.०९ प्रतिशतमा झरेका छन् । उक्त वर्ष आठ लाख ३९ हजार २६६ जना रोजगारीमा जाँदा दुई लाख २७ हजार ४०७ जना अदक्ष श्रमिक थिए ।

⏭ क्रमशः पृष्ठ २ मा

# म्याग्दीमा दल र स्वतन्त्र उमेदवारको प्रतिस्पर्धा


कर्णबहादुर भण्डारी


हरिकृष्ण श्रेष्ठ


अर्जुन थापा


डा. महावीर पुन

**■ सन्तोष गौतम**

**म्याग्दी–** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा एक निर्वाचन क्षेत्र रहेको हिमाली जिल्ला म्याग्दीमा राजनीतिक दल र स्वतन्त्र उम्मेदवारको प्रतिस्पर्धा हुने देखिएको छ ।

नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी (केबी), नेकपा एमालेका हरिकृष्ण श्रेष्ठ, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का अर्जुन थापा र स्वतन्त्र उम्मेदवार डा. महावीर पुन मुख्य प्रतिस्पर्धीका रूपमा देखिएका हुन् ।

अन्तरिम सरकारको शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीको पदबाट मनोनयन दर्ताका दिन राजीनामा दिएर पुर्ख्यौली थलोमा चुनाव लड्न आएका पुनको सक्रियताले यहाँको राजनीतिमा तरंग ल्याएको छ । राष्ट्रिय राजनीतिमा सिर्जना भएको फरक परिवेश, नयाँ राजनीतिक शक्तिहरूको उदय, प्रतिस्पर्धी उम्मेदवारको प्रभाव तथा सम्बद्ध राजनीतिक दल तथा उम्मेदवारहरूको रणनीतिले म्याग्दीको चुनावी परिणामप्रति चासो बढेको बेनीका धनञ्जयकुमार श्रेष्ठ बताउँछन् ।

'विगतका चुनावमा राष्ट्रियस्तरमा ओझेलमा पर्ने म्याग्दीको चुनावलाई यसपालि रोमन म्यागासेसे पुरस्कार विजेता महावीर पुनको उम्मेदवारीले चर्चामा ल्याएको छ,' उनले भने, 'राजनीतिक दलहरूको सांगठनिक आधार र स्वतन्त्र उम्मेदवारको प्रभावका कारण यसपालि म्याग्दीको चुनावलाई रोचक बनाएको हो ।' नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा माओवादीले द्वन्द्वकालमा भूमिगत राजनीति गरेका म्याग्दी बहुमुखी

> “
> - अन्तरिम सरकारको शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीको पदबाट मनोनयन दर्ताका दिन राजीनामा दिएर पुर्ख्यौली थलोमा चुनाव लड्न आएका पुनको सक्रियताले यहाँको राजनीतिमा तरंग
> - मतदाताहरु सबैका विचार र योजना सुनेर निर्णय लिने मनस्थितिमा

⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### चेतनाको...

म गाली वा आलोचना गरिहरहेको छैन । तथ्य त्यही हो,' शर्माले भने । त्यसैगरी शर्माले माओवादीले नामै फेर्दा पनि नेतृत्व फेर्न नसकेको आरोप लगाए । 'माओवादीले नाम बदल्यौं र २९ वटा पार्टीको मोर्चा बनाएका छौं भन्छ । कांग्रेसलाई के बदल्यौ ? भनेर सोध्दै गर्दा हामीले ८० वर्षभन्दा माथिको नेतृत्वबाट ५० वर्षमुनिका युवकको नेतृत्वमा सारा नेपाली समस्याको एमआरआईबाट डाइग्नोसिस गरेर आएको अवस्थामा बदलेका छौं,' शर्माले भने ।

बिहीबारमात्र कांग्रेसले सानेपामा पत्रकार सम्मेलन गरी बालेनलाई हिटलरसँग तुलना गरेको थियो । रास्वपालाई नयाँ पार्टी र बालेनलाई हिटलरसँग दाँज्दै कांग्रेस प्रवक्ता देवराज चालिसेले आक्रोश पोखिँदा संकट आउन सक्ने बताए । 'नयाँ र पुरानोको आक्रोशको नाममा के हुन्छ, जर्मनीलाई हेरे भयो,' कांग्रेस प्रवक्ता चालिसेले भने, 'सन् १९२९ मा जर्मनी र जापानको सन्धि भयो । त्यसमा जर्मनीको जनताको मनमा आक्रोश थियो । त्यसले राष्ट्रवादको निर्माण गऱ्यो । राष्ट्रिय संकट आयो । ठूलो आर्थिक संकट आयो । त्यसले बेरोजगारी जन्मायो । जनता आहात थिए । त्यसले जनताको निराशालाई उपयोग गर्दै हिटलर भन्ने मान्नेले नाजी पार्टी बनायो । १९३३ मा चान्सलर बने ।'

अहिले देशमा निराशा रहेको र यस्तै निराशा प्रयोग गरेर हिटलर उदाएको चालिसेको तर्क थियो । 'अधिनायकवाद निराशाबाट जन्मिन्छ । जनताको असन्तुष्टिलाई दुरूपयोग गरेर कसरी अघि बढ्ने भन्ने घटना हो यो,' चालिसेले भने, 'त्यहाँ संसद्मा आगो लाग्यो । १९३३ फेब्रुअरी १७ मा । आगो लागेपछि त्यतिबेला राष्ट्रपति हिडेन बर्ग थिए । उनले बोल्ने लेख्ने प्रेस स्वतन्त्रता तत्कालै निलम्बन गरिदिए । त्यसपछि संसद् नभए पनि सरकारले नीति पारित गर्न मिल्ने एन आयो । त्यो सरकारले नागरिकको सबै प्रकारका स्वतन्त्रमा बन्देज लगाइदियो । अन्ततः जर्मनी अधिनायकवादमा रूपान्तरित भयो । अधिनायकवाद बाजा बजाएर आउँदैन । मिठो चिप्लो कुरा गरेर आउँछ । देश कसको हातमा जाँदैछ । कति सुरक्षित छ देशको भविष्य ? यसको विवेचना गरेर मतदान गर्नुपर्दछ ।'

■■■

### सिन्धुपाल्चोक–२...

झलक घरदैलोका साथै सामाजिक सञ्जालबाट चुनावी माहोल आफ्नो पक्षमा पार्ने रणनीतिका साथ अघि बढेका छन् । श्रेष्ठ पनि जित आफ्नो पक्षमा पार्ने दाउमा लागेका देखिन्छन् ।

यो क्षेत्रमा समानुपातिकतर्फ २०७९ मा एमालेले २३ हजार ९९५ मत पाउँदा कांग्रेसले २० हजार ७०६ मत ल्याएको थियो । तत्कालीन माओवादी केन्द्रले १५ हजार ५५६ मत पाएको थियो भने राष्ट्रिय स्वतन्त्र पार्टीले पाँच हजार १५४ र राष्ट्रिय प्रजातन्त्र पार्टीले छ हजार ६२१ मत ल्याएका थिए ।

यो क्षेत्रमा चौतारा साँगाचोकगढी नगरपालिकाका १, ५, ६, ७, ८, ११, १२, १३ र १४ नम्बर वडा, मेलम्ची नगरपालिका, इन्द्रावती, पाँचपोखरी थाङपाल र हेलम्बु गाउँपालिका समेटिएका छन् । यस क्षेत्रमा ६३ मतदानस्थल र १६६ केन्द्र रहेका छन् । निर्वाचन आयोगका अनुसार यो क्षेत्रमा कूल मतदाता एक लाख ३८ हजार १३ रहेका छन् । फागुन २१ गते हुन लागेको निर्वाचनका लागि यो क्षेत्रका १८ जना उम्मेदवार मतदाता रिझाउन घरदैलोमा उत्रन थालेका छन् ।

■■■

### छ महिनामा...

त्यस्तै, अधिकांश नेपालीहरू दैनिकी चलाउन नसकेर विदेसिने भएकाले पनि उनीहरूले कमाएको रकम कुनै वस्तु वा अन्य प्रयोजनमा खर्च नगरी पठाउने गरेको प्रवक्ता पौडेलले बताए । 'नेपालीहरू दैनिकी चलाउन कठिन भएर ऋणपान गरेर जानेहरू छन् । उनीहरूको उद्देश्य परिवार पाल्ने, बच्चा पढाउने, ऋण तिर्ने, घर बनाउने जस्ता हुन्छन् । उनीहरू कमाएजति सबै घर पठाउँछन्,' उनले थपे, 'राष्ट्र बैंकले रेमिटचान्सलाई वित्तीय प्रणालीमार्फत ल्याउनुपर्छ भनेर वित्तीय साक्षरतालगायतका क्षेत्रमा काम गरिरहेको छ । यो सबै पक्षको सकारात्मक प्रभावले हुनसक्छ, मुलुक भित्रने रकम बढेको ।'

कुन मुलुकबाट कति रकम आयो भनेर यकीन गर्ने अवस्था नभए पनि खाडीमा धेरै नेपालीहरू जाने भएकाले ती मुलुकबाट बढी रेमिटचान्स आइरहेको राष्ट्र बैंकको भनाइ छ । त्यस्तै, जापान, कोरिया र युरोपका विभिन्न मुलुकबाट ठूलो परिमाणमा रेमिटचान्स आएको जनाइएको छ ।

■■■

### म्याग्दीमा दल...

क्याम्पसका पूर्वस्ववियु सभापति क्षेत्रबहादुर घिमिरे (ध्रुव)लाई उम्मेदवार बनाएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का डम्मरबहादुर सुवेदी, प्रगतिशील लोकतान्त्रिक पार्टीका देवेन्द्र कामी, श्रम संस्कृति पार्टीका विनोद राना, राष्ट्रिय जनमोर्चाका छेमबहादुर विश्वकर्मा, मंगोल नेसनल अर्गनाइजेसनका भीमबहादुर लामा र नेसनल रिपब्लिकन नेपालका तुलप्रसाद गर्बुजा उम्मेदवार बनेका छन् ।

सार्वजनिकरूपमा स्वतन्त्र उम्मेदवार पुनलाई सघाउने घोषणा गरेका राष्ट्रिय स्वतन्त्र पार्टीका युवराज रोकाको उम्मेदवारी कायमै छ । एमालेका श्रेष्ठ दोस्रोपटक उम्मेदवार बनेका हुन् भने बाँकी सबै पहिलोपटक प्रतिस्पर्धामा उत्रिएका हुन् । विसं २०७४ यता यसपालि दलहरूबीच गठबन्धन नगरी एक्लाएक्लै प्रतिस्पर्धा हुन लागेको हो ।

विसं २०७९ मा प्रतिनिधिसभामा नेपाली कांग्रेस, माओवादी, एकीकृत समाजवादीसहितका राजनीतिक दलहरूको गठबन्धनबाट नेपाली कांग्रेसका खमबहादुर गर्बुजा (खम्बिर) विजयी भएका थिए । प्रदेशसभाको १ (१) र (२) मा गठबन्धनबाट माओवादीका हरि भण्डारी र रेशम जुग्जाली (सुविन) निर्वाचित भएका थिए ।

विसं २०७४ को प्रतिनिधिसभा निर्वाचनमा एमालेका भूपेन्द्र थापा तत्कालीन वाम गठबन्धनबाट विजयी हुँदा प्रदेशसभाको १ (१) मा माओवादीका विनोद केसी र (२) मा एमालेका नरदेवी पुन विजयी भएका थिए । विसं २०७० मा भएको संविधानसभाको दोस्रो निर्वाचनमा एमालेका हालका गण्डकी प्रदेश अध्यक्ष नवराज शर्मा विजयी भएका थिए ।

विसं २०६४ को संविधानसभाको पहिलो निर्वाचनमा माओवादीका गोविन्द पौडेल, २०५६ को संसदीय चुनावमा नेपाली कांग्रेसका नारायणसिंह पुन र त्यसअघि एमालेकै निल पुन प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए ।

विसं २०७९ को प्रतिनिधिसभा निर्वाचनमा एमालेले १८ हजार २७३, कांग्रेसले १३ हजार ६९३, तत्कालीन नेकपा माओवादी केन्द्रले नौ हजार ७०, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले तीन हजार ५७९, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले एक हजार २५३ र नेकपा एकीकृत समाजवादीले २८५ मत पाएका थिए ।

विसं २०७९ मा माओवादी, एकीकृत समाजवादी, जनमोर्चासहितका दलहरूको समर्थन पाएका नेपाली कांग्रेसका गर्बुजाले २४ हजार २१ मत ल्याएर विजयी हुँदा उनका निकटतम् प्रतिस्पर्धी श्रेष्ठले २० हजार १८९ मत पाएका थिए ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि एकवटा निर्वाचन क्षेत्र र छवटा स्थानीय तह रहेको म्याग्दीमा ८६ हजार ३९७ जना मतदाता छन् । ८२ वटा मतदानस्थल र १२० वटा मतदान केन्द्र रहेका जिल्ला निर्वाचन अधिकारी विमलप्रसाद गौतमले बताए । उम्मेदवारहरू मतदाता, कार्यकर्ता घेटघाट र घरदैलोका लागि गाउँ पसेका छन् । राजनीतिक गतिविधिले ग्रामीण क्षेत्रमा चहलपहल बढाएको छ । धवलागिरि गाउँपालिका-७ धारापानीका कर्णबहादुर थापा सबै दल र उम्मेदवारका कुरा सुनेर निर्णय लिने बताउँछन् ।

'भोट माग्न आउने सबै उम्मेदवारलाई स्वागत, सम्मान गर्ने र उनीहरूका योजना सुन्ने हो,' उनले भने, 'हामी जनताको मन र विश्वास जित्ने उम्मेदवारले मत पाउँछ ।' अन्नपूर्ण गाउँपालिका-७ दोसल्लेका खगवीर पाइजा मतदाताहरू सबैका विचार र योजना सुनेर निर्णय लिने मनस्थितिमा रहेका बताउँछन् ।

म्याग्दीका उम्मेदवारहरूले हिमाली जिल्लाको मान्यतालाई कार्यान्वयन गराउने, सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाएर सुशासन कायम गर्ने, ढिलासुस्ती हटाउने, कानुन, बजेट र योजनामा जिल्लावासीको भावना, माग र आवश्यकतालाई समेट्ने प्रतिबद्धता जनाएका छन् । *रासस*


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८१/०२/०१ मा दर्ता भएको **प्रा. लि. नं. ३३६३७५** को **डेलिभरिवोन ग्रुप प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम विशेष दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/१०/२४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ८४ को ११२३.१७ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**भुलभुले सामुदायिक वन उपभोक्ता समूह**
**बकैया- ६, मकवानपुर**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७७/०८/२९ मा दर्ता भएको प्रा.लि.नं. २४९७६६ को **इन्फिनिटी बेभरेजेज् प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०७/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**युएइमा रोजगार** कम्पनी : RR FACILITY MANAGEMENT - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ पुनः विज्ञापन स्वीकृति मिति : २०८२/१०/२३ LT. No. 315528 चलानी नं. ६०२२९७३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 78 | 48 | 800 | ३१,५२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २ गते (14th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647,
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068



**कतारमा रोजगार** कम्पनी : QUEENSTOWN TRADING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ LT. No. 338424 चलानी नं. ६०२५१९२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Metal Worker | 2 | 0 | 2500 | ९९,२४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner / Public Building | 0 | 2 | 1200 | ४७,६३७ | | | | | | | |
| 3. | Dry Clean Worker | 1 | 0 | 1000 | ३९,६९८ | | | | | | | |
| 4. | Foreman | 1 | 0 | 2500 | ९९,२४३ | | | | | | | |
| 5. | Machine Operator | 1 | 0 | 2500 | ९९,२४३ | | | | | | | |
| 6. | Office Cleaner | 0 | 2 | 1000 | ३९,६९८ | | | | | | | |
| 7. | Purchasing Representative | 3 | 0 | 3000 | १,१९,०९२ | | | | | | | |
| 8. | Receptionist | 0 | 1 | 2500 | ९९,२४३ | | | | | | | |
| 9. | Representative | 2 | 0 | 3000 | १,१९,०९२ | | | | | | | |
| 10. | Sales Executive | 2 | 0 | 2500 | ९९,२४३ | | | | | | | |
| 11. | Supervisor | 2 | 0 | 2500 | ९९,२४३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २ गते (14th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५
Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय**
**सिन्धुपाल्चोक, चौतारा**

**मालपोत कार्यालय सिन्धुपाल्चोकबाट प्रकाशित हकदाबी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना**

मिति :- २०८२/१०/२४

सिन्धुपाल्चोक जिल्ला हाल मेलम्ची नगरपालिका वडा नं.६ बस्ने निवेदक हरी प्रसाद ढुङ्गानाले नापीका समयमा मेरा नाउँमा नापनक्सा भई फिल्डबुक कायम भएको साविक गा.वि.स. तालामाराङ वडा नं.१ कित्ता नं. ०२ क्षे.फ.३९१३९२ को जग्गा हालसम्म पनि दर्ता हुन छुट भएको मैंले नै निरन्तर हकभोग गरी आएको जग्गा भएको हुँदा मेरा नाउँमा दर्ता गरी पाउँ भनी यसै कार्यालयको र.नं. ५२७० मिति २०३६/१०/२९ मा पदम लाल पाध्या ढुङ्गानासँग खरिद गरी लिएको पारित राजिनामा लिखत र सोबमोजिम निजका नाउँमा कायम दा.खा. रैकर लगत नं. १३१९४९ मध्येको माथिल्लो गहते बारी बिजन । १ मध्येको साबिक लगत, अन्य साबिक प्रमाण साबिक जग्गाधनीकै पेश भएको, सक्कल फिल्डबुक, नापीको नक्सा साथ मेलम्ची नगरपालिका वडा नं ६ को च.नं. ४१० मिति २०८२।०९।११ को स्थलगत सर्जमिन सिफारिसबाट हकदार र हकभोग समेत खुली आएको प्रमाण पेश गरी निवेदन माग गर्नु भएकोमा पेश भएको लगत समेत भिडी दर्ता हुने जग्गा हो, होईन ? उक्त कि.नं. को जग्गा सरकारी, सार्वजनिक, गुठी, ऐलानी, पती, खोला, बगर, बाटो, पाटी, पौवा, वन, बुटेन आदि प्रकृतिको हो/होईन ? नापीका समयमा उक्त प्रकृतिका जग्गा घुसीमिसी नापनक्सा भै नक्सांकन भएको छ/छैन ? आफ्नो जग्गामा उक्त प्रकृतिका जग्गा समेत घुसाई भोग चलन गरेको पो छ कि ? निवेदकको हक लाग्ने जग्गा हो होईन ? निवेदक बाहेक अन्य हकदार छन्/छैनन् ? उक्त जग्गा यस अघि दर्ता गरेको वा सोका लागि कसैले माग निवेदन गरेको छ छैन ? वा निवेदकले माग गरे बमोजिम दर्ता हुन नपर्ने कुनै कारण भए सो समेत खुलाई तोकिएको म्यादभित्र स-प्रमाण विरोध गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानुन बमोजिम भई जानेछ ।

**फिल्डबुकमा भएको व्यहोरा :-**

| गा.वि.स. | वडा नं. | क्षे.फ. | जग्गाधनीको नाम | कैफियत |
|---|---|---|---|---|
| तालामाराङ | ९२ | ३-१-३-२ | हरी प्रसाद ढुंगाना | - |


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**शनिबार, २४ माघ, २०८२**

**मेष** स्वास्थ्यमा सुधार आउनेछ । हनुमान चालिसाको पाठ गरेमा दिन लाभप्रद हुनेछ ।

**वृष** रोकिएका कामहरू बन्नेछन् । भोकालाई भोजन गराएमा लाभ मिल्नेछ ।

**मिथुन** बोलिको प्रभाव बढ्नेछ । पिपलमा जल चढाउनाले कार्य सिद्ध हुनेछ।

**कर्कट** मानसिक तनाव कम हुनेछ । कालो वस्त्र दान गरेमा समस्या घट्नेछ ।

**सिंह** अनावश्यक विवादबाट टाढा रहनुहोला । सूर्यलाई जल चढाउनाले लाभ मिल्नेछ ।

**कन्या** प्रेम सम्बन्धमा निकटता आउनेछ । शनिदेवको स्मरण गरेमा बिघ्न हटेर जानेछ ।

**तुला** सामाजिक प्रतिष्ठा बढ्नेछ । चराचुरुङ्गीलाई चारो हालेर शुभत्व बढाउन सक्नुहुनेछ ।

**वृश्चिक** स्वास्थ्यमा समस्या देखा पर्न सक्छ । सुन्दरकाण्डको पाठ गरेमा शक्ति प्राप्त हुनेछ ।

**धनु** आर्थिक लाभ मिल्नेछ । गुरुजनको आशीर्वाद लिनुहोला ।

**मकर** मिहिनेत गरेमा फल प्राप्त हुनेछ । शनिदेवको बिज मन्त्र जप गर्नुहोला ।

**कुम्भ** नयाँ मित्र बन्नेछन् । कालो कुकुरलाई भोजन गराएमा दिन शुभमय रहनेछ ।

**मीन** अनावश्यक भ्रमण हुनेछ । बालगोपालको भजन सुन्नाले मन शान्त रहनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६९६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२४ माघ, २०८२ (०७ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४४.१३ | १४४.७३ |
| युरो | १ को | १६९.९४ | १७०.६५ |
| पाउन्ड स्टिर्लङ | १ को | १९६.८५ | १९७.६६ |
| स्विस फ्रैन्क | १ को | १८५.२५ | १८६.०२ |
| अस्ट्रेलियन डलर | १ को | १०१.०१ | १०१.४३ |
| क्यानाडियन डलर | १ को | १०५.३८ | १०५.८२ |
| सिङगापुर डलर | १ को | ११३.४२ | ११३.८९ |
| जापानी येन | १० को | ९.२४ | ९.२८ |
| चिनियाँ युआन | १ को | २०.७७ | २०.८६ |
| साउदी अरब रियाल | १ को | ३८.४३ | ३८.५९ |
| कतारी रियाल | १ को | ३९.५४ | ३९.७१ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.२४ | ३९.४१ |
| मलेसियन रिङेट | १ को | ३६.६५ | ३६.८० |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९८ |
| स्विडिस क्रोनर | १ को | १६.१० | १६.१६ |
| डेनिस क्रोनर | १ को | २२.७५ | २२.८५ |
| हङकङ डलर | १ को | १८.४५ | १८.५२ |
| कुवेती दिनार | १ को | ४७१.८६ | ४७३.८३ |
| बहराइन दिनार | १ को | ३८२.३१ | ३८३.९० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# विधेयकको मस्यौदा तयारीको अवस्था सार्वजनिक गर्न सरकारसँग माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय सभाको शुक्रबारको बैठकको शून्य समयमा सांसदहरूले स्वास्थ्य बिमा, विधायन प्रक्रिया, संसद् भवनको पुनर्निर्माण तथा निर्वाचनसम्बन्धी विविध विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

शून्य समयमा राष्ट्रिय सभा सदस्य गंगाकुमारी बेल्वासेले स्वास्थ्य बिमा कार्यक्रमलाई व्यवस्थित र वैज्ञानिक ढंगले अघि बढाउनुपर्ने आवश्यकता औंल्याए । उनले कार्यक्रम कार्यान्वयनमा देखिएका कमजोरी सच्याउँदै प्रभावकारी बनाइनुपर्ने धारणा राखे ।

सांसद तुलसाकुमारी दाहालले स्वास्थ्य बिमाको रकम नपाएको भन्ने गुनासो बढ्दै गएको उल्लेख गर्दै बजेट अभावका कारण कार्यक्रम नै रोकिएको भन्ने विषयमा सरकारको गम्भीर ध्यानाकर्षण गराइन् । साथै, भारतमा निपाह भाइरसको संक्रमण फैलिँदै गएको सन्दर्भमा खुला सीमाका कारण त्यस्तो संक्रमण नेपाल भित्रिन सक्ने जोखिम रहेकाले आवश्यक स्वास्थ्य सुरक्षा र सजगता अपनाउन उनले जोड दिइन् ।



सांसद डा. बेदुराम भुसालले चालु वर्ष सदनमा पेस गर्ने भनिएका विधेयकको मस्यौदा तयार भए-नभएको विषयमा सरकारसँग जानकारी माग गरे । उनका अनुसार यस वर्ष पहिलो प्राथमिकतामा ४२, दोस्रो प्राथमिकतामा ४१ र तेस्रो प्राथमिकतामा ३८ गरी कूल १२१ वटा विधेयक पेस गर्ने भनिएको थियो । तीमध्ये कति विधेयकको मस्यौदा तयार भइसकेको छ भन्ने विषयमा सदनलाई जानकारी गराउनुपर्ने उनले माग गरे ।

सांसद मायाप्रसाद शर्माले गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा जलेर क्षति भएको नयाँ बानेश्वरस्थित संसद् भवनको पुनर्निर्माणको अवस्थाबारे प्रश्न उठाइन् । आवश्यक सुरक्षा व्यवस्था अपनाएर पुनर्निर्माण गर्ने भनिए पनि हालसम्मको प्रगति के छ भन्नेबारे स्पष्टता माग गरिन् । साथै, सिंहदरबारस्थित नयाँ संसद् भवन निर्माणको काम कहाँसम्म पुगेको छ भन्ने विषयमा पनि उनले सरकारसँग जवाफ मागिन् । सांसद सुमित्रा बिसीले तोकिएको समयमा स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन एकै चरणमा सम्पन्न गर्नुपर्ने आवश्यकता औंल्याइन् । उनले निर्वाचन दुई चरणमा गर्ने र निर्वाचन मिति सार्ने अभ्यास लोकतान्त्रिक मूल्य-मान्यताविपरीत हुने धारणा व्यक्त गरिन् ।

## भयरहित निर्वाचन हुनेमा आशंका

राष्ट्रिय सभा सदस्यहरूले जेन-जी आन्दोलनका क्रममा कारागारबाट फरार कैदीबन्दी र लुटिएका हातहतियार फिर्ता नहुनुले भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुनेमा आशंका व्यक्त गरेका छन् ।

सभाको शुक्रबारको बैठकको विशेष समयमा सांसद जयन्तीदेवी राईले भ्रष्टाचारको अन्त्य, सुशासन कायम र सेवा प्रवाहलाई सहज बनाउनेजस्ता विषय सम्बोधन नहुँदा जेन-जी आन्दोलन भएको बताइन् । 'ती विषयहरू पुराना राजनीतिक दलहरूलेसमेत सदनमा उठाउँदै आएका थिए, जेन-जी आन्दोलनकै आधारमा पुराना दलहरूको औचित्यमाथि प्रश्न उठाउने वा उनीहरू अप्रासंगिक भइसकेका हुन् भन्ने गलत भाष्य निर्माण गर्न हुँदैन,' उनले भनिन् ।

सांसद राईले फरार कैदी र प्रहरीबाट लुटिएका हतियार नियन्त्रणमा नआउनुजस्ता अवस्थाले भयरहित वातावरणमा निष्पक्ष निर्वाचन हुनसक्ने विषयमा गम्भीर आशंका उत्पन्न भएको बताइन् ।

सांसद रुक्मिणी कोइरालाले पनि जेन-जी युवाको मागहरू जायज भए पनि आन्दोलनमा भएको घुसपैठका कारण विद्यालय पोसाकमा सरकारलाई खबरदारी गएका बालबालिका र सुरक्षाकर्मीको ज्यान जाने घटना भएको बताइन् । सांसद कोइरालाले आगामी फागुन २१ मा भयरहित वातावरणमा चुनाव हुदैन कि भनेर जनता आत्तिएको र शान्तिपूर्ण चुनाव हुनेमा आशंका देखिएको बताइन् । 'अझै पनि कैदीहरू फरार छन्, हातहतियार पनि लुटिएको अवस्थामा शान्तिपूर्ण निर्वाचन हुन्छ भन्नेमा विश्वस्त हुने ठाउँ देखिँदैन,' उनले भनिन् ।

सांसद मायाप्रसाद शर्माले सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका तर्फबाट भूकम्प प्रभावित जिल्ला जाजरकोट, रुकुम पश्चिम र सल्यानमा पुनःस्थापनामा देखिएका समस्या समाधानका लागि प्रतिवेदन पेस गरे पनि त्यसको कार्यान्वयन नभएको बताइन् । 'अहिले पनि जनताहरू टहरामुनि बास बस्नुपर्ने, कष्टपूर्ण जीवनयापन गर्न बाध्य रहेका छन्, पुनर्निर्माण र पुनर्स्थापनामा किन ढिलाइ भइरहेको छ ? यसमा बारम्बर छलफल गर्दा पनि चिन्ता, चासो र पदलकदमी छैन ?,' उनले प्रश्न गरिन् ।

सांसद आनन्दप्रसाद ढुंगानाले जेन-जी आन्दोलनमा उठेका माग जायज भए पनि आन्दोलनको नाममा देशलाई विघटनमा पुऱ्याउने काम भएको बताए । मुलुकलाई अनिश्चयको भूमरीबाट अघि बढाउन निर्वाचनको विकल्प नभएको उल्लेख गर्दै उनले भने, 'कतै न कतै निर्वाचन बिथोल्ने कोसिस भइरहेको छ । यसतर्फ सबै पक्ष सतर्क हुनुपर्छ ।'

सांसद गंगाकुमारी बेलवासेले आर्थिक समृद्धि, सामाजिक न्याय र सुशासनलाई राजनीतिक दलहरूले चुनावी घोषणापत्रमा उच्च प्राथमिकता दिनुपर्ने बताइन् । गरिबी अन्त्य, रोजगारी सिर्जना, सर्वसुलभ स्वास्थ्य र शिक्षालगायत आधारभूत आवश्यकता सम्बोधन गर्ने विषय दलका घोषणापत्रमा समेटिनुपर्नेमा उनको जोड थियो ।

# दैनिक १३ लाख मतपत्र छपाइ

**भक्तपुर–** जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि दैनिक १३ लाख मतपत्र छपाइ गरिरहेको छ ।

केन्द्रका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले प्रत्यक्षतर्फ कूल दुई करोड तीन लाख थान मतपत्र छपाइ गर्नुपर्नेमा बिहीबार साँझसम्म ८० लाख मतपत्र छपाइ सम्पन्न भएको जानकारी दिए । उनले दिनमा १३ लाखसम्म मतपत्र छपाइ भइरहेको र अबको एक सातामा सबै मतपत्र छपाइ सम्पन्न गरी 'प्याकिङ'को काम गरिने बताए ।

प्रबन्ध निर्देशक पौडेलले भने, 'केन्द्रले छपाइ सम्पन्न गरेको १० लाख नमूना मतपत्र, निर्वाचन आयोगले विभिन्न ठाउँमा पुऱ्याइसकेको छ । दुई करोड आठ लाख ३० हजार समानुपातिकतर्फको मतपत्र छपाइ गरी 'प्याकिङ' सम्पन्न गरिसकेको छ । प्रत्यक्षतर्फको मतपत्र छपाइ यसै महिनामा सम्पन्न गर्छौं ।'

उनले समानुपातिकतर्फको मतपत्र यही माघ २५/२६ गतेदेखि ढुवानीको काम सुरु हुने र महिनाको मसान्तसम्म प्रत्यक्षतर्फको मतपत्र छपाइ सकेर फागुनको १/२ गतेसम्म सबै काम सकेर जिल्लामा ढुवानी हुने बताए । प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फ ६० निर्वाचन क्षेत्रका लागि ८० लाख थान मतपत्र छपाइ सम्पन्न भएको जनाइएको छ ।

'समानुपातिकतर्फको दुई करोड आठ लाख ५४ हजार ८०० प्रति मतपत्र छपाइ सम्पन्न गरी माघ १२ गतेदेखि प्रत्यक्षतर्फको दुई करोड तीन लाख २३ हजार मतपत्र छपाइ सुरु गरिएको छ । आगामी फागुन ३ गतेभित्र सबै निर्वाचन क्षेत्रमा मतपत्र पठाइसक्ने निर्वाचन आयोगको योजनाअनुसार केन्द्रले काम गरिरहेको छ,' पौडेलले भने । आयोगले निर्वाचनका लागि आवश्यक पर्ने ३७ प्रकारका सामग्री सम्बन्धित जिल्ला निर्वाचन कार्यालयले नै खरिद गर्ने व्यवस्था गरेको जनाइएको छ । *रासस*

# दन्तमञ्जन र सौन्दर्य सामग्रीमा कडा नियमन गर्न चिकित्सक संघको माग




**काठमाडौं (प्रस)–** नेपाल चिकित्सक संघले दैनिक प्रयोगमा आउने दन्तमञ्जनसहित मुख तथा दन्त सरसफाइका सामग्री र विभिन्न सौन्दर्य सामग्रीमा मानव स्वास्थ्यका लागि हानिकारक सिसा (लिड) को मात्रा पाइएको भन्दै गम्भीर चिन्ता व्यक्त गरेको छ ।

जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र (सेफेड) ले हालै सार्वजनिक गरेको अध्ययन प्रतिवेदनले गम्भीर तथ्य देखाएको भन्दै संघले बालबालिकासहित आमनागरिकको स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने यस्ता सामग्रीको गुणस्तर मापन गरी कडा निगमन गर्न नेपाल सरकारसँग माग गरेको छ ।

शुक्रबार एक विज्ञप्ति जारी गर्दै संघले देशका विभिन्न सहरका पसलबाट संकलन गरिएका नमूनाको परीक्षण गर्दा ३१ प्रतिशत नमूनामा अन्तर्राष्ट्रियरूपमा स्वीकृत मापदण्डभन्दा बढी सिसा भेटिएको तथ्य सार्वजनिक हुनु गम्भीर विषय भएको जनाएको छ । विशेषगरी दैनिक प्रयोग हुने दन्तमञ्जनका ४५ प्रतिशत नमूना र बालबालिकाका लागि बजारमा उपलब्ध केही सामग्रीमासमेत सिसा भेटिएको जनाइएको छ ।

बालबालिकामा सिसाको असरले बौद्धिक विकासमा अवरोध, सिकाइमा कठिनाइ, व्यावहारिक समस्या देखिनुका साथै दीर्घकालीन रूपमा दृष्टि, श्रवण र स्नायु प्रणालीमा गम्भीर नकारात्मक प्रभाव पार्ने वैज्ञानिक प्रमाणहरू रहेको संघले उल्लेख गरेको छ ।

**युएइमा रोजगार** — कम्पनी : CAT INTERNATIONAL LIMITED ABU DHABI

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 338413 | चलानी नं. ६०२५१९०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 100 | 0 | 1000 | ३९,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २ गते (14th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२६३/०७४/०७५
INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

**साउदीमा रोजगार** — कम्पनी : RUKN AL-AFANDI RESTAURANTS COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 338439 | चलानी नं. ६०२५१९०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३८,५८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २ गते (14th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC. 904/067/068
DECENT EMPLOYMENT PVT. LTD.
Samakhushi, Townplanning, Kathmandu, Nepal, Ph. No: +977-014973104
E-mail : cv.decentemployment@gmail.com, decentemploymentnepal@gmail.com, Website : www.decentemployment.com.np

**साउदीमा रोजगार** — कम्पनी : MASSADR HUMAN RESOURCES SERVICES COMPANY.

पूर्व स्वीकृति मिति : २०८२/१०/२३ | LT. No. 338480 | चलानी नं. ६०२५१९६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Drivers | 5 | 0 | 1600 | ६१,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २ गते (14th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.१५००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Synnet International Pvt. Ltd. Licence No.: 206/057/058
SYNNET INTERNATIONAL PVT.LTD.
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902

**मलेसियामा रोजगार** — कम्पनी : MY HERO HYPERMATKET SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१०/२३ | LT. No. 338585 | चलानी नं. ६०२५१९२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 130 | 0 | 1700 | ६२,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २ गते (14th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.
श्रम ईजाजत नं. ३११/०५९/०६०
वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३

**मलेसियामा रोजगार** — कम्पनी : HOME PEANUT GARDEN FOOD INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 338396 | चलानी नं. ६०२५१९२५

| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

## मलेसियामा रोजगार
कम्पनी : ARTERIAL RESOURCES SDN. BHD
पूर्व स्वीकृति मिति : २०८२/१०/२३ | LT. No. 338494 | चलानी नं. ६०२५१९५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 75 | 0 | 1700 | ६२,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २ गते (14th Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## युएइमा रोजगार
कम्पनी : FEATURE TECH. CONT.
पूर्व स्वीकृति मिति : २०८२/१०/२३ | LT. No. 338496 | चलानी नं. ६०२५२००२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICKLAYER | 74 | 0 | 1500 | ५९,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | TILE POLISHER | 10 | 0 | 1500 | ५९,१०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २ गते (14th Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

## युएइमा रोजगार
कम्पनी : NATIONAL PROJECTS SERVICES - L.L.C -S.P.C
पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 338401 | चलानी नं. ६०२५१९१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 200 | 0 | 1000 | ३९,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २ गते (14 Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम ईजाजत नं. ९७५/०६७/०६८

## युएइमा रोजगार
कम्पनी : STAR FORCE FACILITIES MANAGEMENT SERVICES L.LC
पूर्व स्वीकृति मिति : २०८२/१०/२३ | LT. No. 337982 | चलानी नं. ६०२५१९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 1 | 0 | 1500 | ५९,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician Assistant | 3 | 0 | 1200 | ४७,२८५ | | | | | | | |
| 3. | Electricians | 1 | 0 | 1500 | ५९,१०५ | | | | | | | |
| 4. | Mason. | 1 | 0 | 1500 | ५९,१०५ | | | | | | | |
| 5. | Plumber | 2 | 0 | 1500 | ५९,१०५ | | | | | | | |
| 6. | Plumber Assistant | 2 | 0 | 1200 | ४७,२८५ | | | | | | | |
| 7. | Steel Fixer | 2 | 0 | 1500 | ५९,१०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २ गते (14th Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

JBR Associates Pvt. Ltd.
श्रम ईजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115, Mob No : 9801017866, 984126835, 9813775981, Pokhara: 9856027539, 985602884, E-mail : info@jbrassociate.com, Website: www.jbrassociate.com

## साउदीमा रोजगार
कम्पनी : RAKAL EXCELLENCE TRADING ESTABLISHMENT.
पूर्व स्वीकृति मिति : २०८२/१०/२३ | LT. No. 338508 | चलानी नं.६०२५२०११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1500 | ५७,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EGG BASKET POULTRY FARM
पूर्व स्वीकृति मिति : २०८२/१०/२१ | LT. No. 338286 | चलानी नं.६०२५२०१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३८,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २ गते (14th Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ११९४/०७३/०७४
POWER EMPLOYMENT PVT.LTD.
Gausala-9, Kathmandu, Nepal, Tel.: 01-4583830, 4588308, E-mail: poweremployment.np@gmail.com

प्रभाव दैनिक



## दोस्रो सातामा 'आबाट आमा'

पल शाह र उषा उप्रेतीको मुख्य भूमिका रहेको फिल्म 'आबाट आमा' दोस्रो सातामा प्रवेश गर्न सफल भएको छ। फिल्मले घरेलु बक्स अफिसमा सन्तोषजनक आम्दानी गरिरहेको निर्माण युनिटले जनाएको छ। दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको फिल्मले दुई करोडको व्यवसाय गरिसकेको निर्माण युनिटको दाबी छ। तर फिल्मको वास्तविक व्यवसाय भने सोमबार चलचित्र विकास बोर्डले बक्स अफिस सार्वजनिक गरेपछि बाहिर आउँछ। चन्द्र पन्त निर्देशित सामाजिक कथामा निर्माण भएको फिल्मले आमा र परिवारको कथा उठाएको छ। गत शुक्रबारदेखि देशव्यापी प्रदर्शनमा आएको फिल्ममा पल र उषासहित प्रदीप रावत, विपना थापाको मुख्य भूमिका छ।

शनिबार, २४ माघ २०८२ (Saturday, 07 February 2026)

# 'रमिताको पिरती' र 'कुमारी' प्रदर्शनमा







■ प्रभाव संवाददाता

**काठमाडौं–** दुई नयाँ नेपाली चलचित्र 'रमिताको पिरती' र 'कुमारी' प्रदर्शनमा आएका छन्। प्रणय दिवसलाई लक्षित गर्दै शुक्रबारदेखि दुई चलचित्र प्रदर्शनमा आएका हुन्।

प्रणय दिवसलाई लक्षित गरी प्रदर्शन भएका दुवै चलचित्र प्रेमकथामा आधारित भए पनि 'रमिताको पिरती' लाई निर्माण पक्षले 'ब्रेकअप स्टोरी' भनेर प्रचारप्रसार गरिरहेको छ। उक्त चलचित्रकी निर्देशक सुदिप्ताका अनुसार चलचित्रमा रमिता नामक पात्रको 'ब्रेकअप' भएपछिको कथालाई देखाइएको छ।

उनले भने, 'नेपालमा यस्तो विषयमा चलचित्र बनेको छैन जस्तो लाग्छ। यो एउटा युवतीले प्रेममा 'ब्रेकअप' भएपछि के गर्छिन् वा साचो प्रेम खोज्दा आउने परिस्थितिमा आधारित रहेर तयार गरिएको चलचित्र हो। मलाई यस्तै कथामा चलचित्र तयार गर्नु थियो, यसको कथासँग अहिलेको नवपुस्ताले जोडिएको महसुस गर्छन् जस्तो लाग्छ।'

उनले चलचित्रको कथा 'रमिता' नामक पात्रकै वरिपरि घुम्ने बताए। चलचित्रमा 'रमिता' को भूमिका अभिनेत्री आना शर्माले निर्वाह गरेका छन्। यस चलचित्रमा उनीसँगै गायनमा स्थापित भएका गायक समीर श्रेष्ठ अभिनेताका रूपमा प्रस्तुत भएका छन्। उक्त चलचित्रमा धीरज मगर, विनय श्रेष्ठ, गौमाया गुरुङ, पशुपति राई, रेनु योगीत, थिन्ले लामोलगायतका कलाकारले अभिनय गरेका छन्।

शुक्रबारदेखि प्रदर्शन भएको चलचित्र 'कुमारी' मार्फत दुई अनुहार अविशेक खड्का र आकृति राजभण्डारीले अभिनयको सुरुआत गरेका छन्। उक्त चलचित्र 'जेनजी पुस्ता' को प्रेम कथामा तयार भएको निर्देशक दिनेश राउतले जानकारी दिए।

उनले भने, 'नयाँ पुस्तालाई चलचित्र भवनमा आकर्षित गर्न उहाँहरूको कथा उहाँकै उमेर समूहका कलाकारमार्फत प्रस्तुत गर्नुपर्छ भन्ने लागेर चलचित्र तयार गरेका छौं। चलचित्रमा मनोरञ्जनसँगै सामाजिक सन्देशलाई समेत स्थान दिइएको छ। नयाँ पुस्ताको प्रेममा देखिने भावनात्मक सम्बन्धलाई पर्दामा प्रस्तुत गरेको छु।'

चलचित्रमा घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकांक्षा कार्की, मधु खड्का, सनम श्रेष्ठ, सकु शाह, सरोज लामिछाने, मनीषा शर्मा, भूपी लुहारलगायत कलाकारले अभिनय गरेका छन्।

# 'विन्ध्यवासिनी म्युजिक लाइफटाइम अचिभमेन्ट अवार्ड' बाँस्कोटालाई

■ प्रभाव संवाददाता

**काठमाडौं –** विन्ध्यवासिनी फाउण्डेसनले 'विन्ध्यवासिनी म्युजिक लाइफटाइम अचिभमेन्ट अवार्ड' संगीतकार शम्भुजीत बास्कोटालाई प्रदान गर्ने भएको छ। उनलाई उक्त अवार्डसहित नगद रु एक लाख र सम्मानपत्र प्रदान गरिने छ।

फाउन्डेसनको सल्लाहकार समितिको बैठकले 'विन्ध्यवासिनी संगीत साधना सम्मान' गीतकार विजय शिवाकोटीलाई प्रदान गर्ने निर्णय गरेको अध्यक्ष लीना शर्मा रेग्मीले जानकारी दिइन्। उनलाई उक्त सम्मानसहित रु ५० हजार प्रदान गरिने छ।

त्यसैगरी, 'विन्ध्यवासिनी कला पत्रकारिता सम्मान' पत्रकार पवन आचार्यलाई प्रदान गरिने भएको छ। सम्मानसहित उनलाई रु २५ हजार प्रदान गर्ने बैठकले निर्णय गरेको छ।

बैठकले 'प्रेमध्वज संगीत रत्न सम्मान' युवा गायिका रचना रिमाललाई प्रदान गर्ने निर्णय गरेको छ। विन्ध्यवासिनी फाउण्डेसनका सल्लाहकार तथा नेपाली संगीत क्षेत्रका शिखर पुरूष स्वर्गीय प्रेमध्वज प्रधानको नाममा रहेको उक्त पुरस्कारको राशि रु २५ हजार रहेको छ।

त्यसैगरी, 'झलकमान लोक-संगीत सम्मान लोकदोहोरी गायक पशुपति शर्मालाई प्रदान गरिने भएको छ। उनलाई रु २५ नगदसहित सम्मानपत्र प्रदान गरिने छ। फाउन्डेसनले यस वर्षदेखि अवार्डको विधा घटाएर पब्लिक च्वाइससमेत गरी ११ विधामा अवार्डबाट सम्मान गर्ने जनाएको छ। साथै हरेक विजेतालाई ट्रफीसहित रु पाँच हजार प्रदान गरिने अध्यक्ष रेग्मीले बताए।

विन्ध्यवासिनी म्युजिक अवार्डको १६औं संस्करण आगामी चैत २७ गते राष्ट्रिय नाचघर जमलमा आयोजना गर्ने निर्णय गरिएको फाउन्डेसनले जनाएको छ।

# धादिङ महोत्सवमा गुञ्जिए चेतन



**काठमाडौं (प्रस)–** धादिङ उद्योग वाणिज्य संघ, धादिङको आयोजनामा दशौं धादिङ महोत्सवमा गायक तथा संगीतकार चेतन राईले आफ्नो प्रस्तुति मार्फत दर्शकलाई मोहित बनाएका छन्। महोत्सवको सांगीतिक कार्यक्रममा राईले आफ्ना नयाँ तथा पुराना गरी पाँच वटा गीत प्रस्तुत गर्दै उपस्थित दर्शकलाई नचाएका हुन्।

विगत डेढ दशकदेखि सांगीतिक क्षेत्रमा सक्रिय रहँदै आएका राईले हालसम्म ६ दर्जनभन्दा बढी गीतमा स्वर दिइसकेका छन्। आफ्ना अधिकांश गीतमा शब्द रचना तथा संगीत स्वयं गर्ने राई म्युजिक भिडियो निर्देशन तथा अभिनयमा समेत सक्रिय छन्।

हालसम्म 'सेभेन' साउण्ड, स्पिड, स्टेज र स्टेप गरी पाँचवटा गीति एल्बम सार्वजनिक गरिसकेका राई नेपालका विभिन्न मेला-महोत्सव तथा स्टेज कार्यक्रमहरूमा व्यस्त रहँदै आएका छन्। साथै, उनले जापान, दुबई, बैंककलगायतका देशमा आयोजित अन्तर्राष्ट्रिय सांगीतिक कार्यक्रममा समेत प्रस्तुति दिँदै विदेशी दर्शकलाई मनोरञ्जन प्रदान गरिसकेका छन्।

# 'श्री बुकुरो'मा मृत्युअघि केही खोजिरहेकी आमाको कथा

**काठमाडौं (प्रस)–** फिल्म 'श्री बुकुरो : द होम कलिङ' आमाको एउटा फरक कथा भएको निर्देशक सुदीप भूपाल सिंहले बताए। फिल्मले सानो एउटी आमाको बुकुरो (घर) बनाउने चाहना, छोराहरूको विवाह, उनीहरूको खुसी लगायतका कुरा चित्रण गरेको सिंहको भनाई छ। फिल्मको पारिवारिक स्नेह, मिलन र नोकझोंकले दर्शकलाई फरक स्वाद दिने उनले बताए।

'पछिल्लो समय सामाजिक पारिवारिक फिल्मले दर्शकको मन जितिरहेको अवस्थामा 'श्री बुकुरो'को विशुद्ध पारिवारिक कथालाई दर्शकले रुचाउने विश्वास छ' निर्देशक सिंहले भने 'यो मृत्यु भन्दा अघि केही खोजिरहेकी आमाको कथा पनि हो।'

महाशिवरात्रिको छेको पारेर आगामी फागुन १ गतेदेखि प्रदर्शन तयारीमा रहेको फिल्मको ट्रेलर समेत सार्वजनिक गरिएको छ। ट्रेलर मुख्य पात्र लक्ष्मी गिरीलाई केन्द्रमा राखेर तयार पारिएको छ। करिब ३ मिनेट ३३ सकेण्ड लामो ट्रेलरले हामीलाई पात्रको मनोदशा र गतिसँगै यात्रा गराउँछ।

विशुद्ध पारिवारिक तथा मनोरञ्जनात्मक सिनेमा 'श्री बुकुरो'का यसअघि सार्वजनिक टिजर तथा पोस्टरले दर्शकको मन जितिसकेका छन्। यो गीतले पनि दर्शकको मन जित्ने अपेक्षा निर्माण टिमको छ।

फिल्ममा लक्ष्मी गिरीका अलवा आशीर्वाद क्षेत्री, लक्ष्मी गिरी, निकिता आचार्य, प्रतिकराज आचार्य, रोशनी कार्की, राजन इशान, दीपिका थापा, लय संग्रौला, मोहन निरौला, रामबाबु रेग्मी, रश्मी भट्ट, उत्तम केसी, गीता थापा, सपना श्रेष्ठ, आशिका शाही, दीपक कार्की र रजिना विश्वकर्माको अभिनय छ। फिल्म रुबी सेन सिंहले निर्माण गरेकी हुन्।

मुस्ताङ, बाग्लुङ, कास्की, दमौली, मकवानपुर र काठमाडौंमा छायाङ्कन गरिएको हो।

## रंगशाला

### कोशी पाथीभरा इन्डो-नेपाल टी-२०

# आसाम सेमिफाइनल प्रवेश



■ प्रभाव संवाददाता

**झापा –** भद्रपुर-८ स्थित मेची बहुमुखी क्याम्पसको क्रिकेट मैदानमा जारी कोशी पाथीभरा इन्डो-नेपाल टी-२० च्याम्पियनसिपमा भारत आसामको रायनोल्यान्ड क्रिकेट क्लब सेमिफाइनलमा प्रवेश गरेको छ।

समूह 'ए'अन्तर्गत शुक्रबार भएको पहिलो खेलमा आयोजक भद्रपुर क्रिकेट क्लबलाई पाँच विकेटले पराजित गर्दै लगातार तीन जितका साथ आसाम सेमिफाइनलमा प्रवेश गरेको हो।

टस जितेर पहिलो ब्याटिङ रोजेको भद्रपुरले निर्धारित २० ओभरमा आठ विकेट क्षतिमा १३७ रन बनायो। जवाफमा आसामले पाँच विकेट क्षतिमा एक बल बाँकी रहँदा १३८ रनको लक्ष्य पूरा गरेको थियो। आसामका लागि अन्तिम बलमा एक रन आवश्यक थियो। भद्रपुरका बलर दीपक बोहोराको अन्तिम बल वाइड भएपछि आसामको जित सुनिश्चित भएको थियो।

ब्याटिङतर्फ भद्रपुरका कप्तान अंकित सुवेदीले ४६ बलमा ५० रन बनाए भने आसामका तर्फबाट कप्तान निविर डेकाले विस्फोटक पारी खेल्दै ४६ बलमा ७२ रनको योगदान दिए। बलिङतर्फ आसामका लागि प्राञ्जल भारालीले चार ओभरमा २७ रन खर्चिएर सर्वाधिक तीन विकेट लिए भने भद्रपुरका तर्फबाट भुवन काबर्कीले ११ रन खर्चिएर दुई विकेट लिए।

खेलको म्यान अफ दी म्याच ७२ रन बनाएका विजेता टिमका कप्तान निविर डेका भए। उनले ११ हजार नगद पुरस्कार प्राप्त गरे। उनलाई पुरस्कार सौजन्यदाता प्रभा ढकालले पुरस्कार प्रदान गरिन्।

यसैगरी, समूह 'ए' अन्तर्गत नै भारतको नयाँ दिल्ली र नेपालको काठमाडौंबीच प्रतिस्पर्धा भएको छ। खेलमा काठमाडौंले नयाँ दिल्लीलाई सात विकेटले हराएको छ। यो जितसँगै काठमाडौंले सेमिफाइनलको सम्भावनालाई जीवितै राखेको छ भने दिल्लीलाई शनिबार हुने भद्रपुरसँगको खेल जित्नैपर्ने दबाब बनेको छ।

पहिलो ब्याटिङ गर्दै १८.१ ओभरमा अलआउट हुँदै दिल्लीले दिएको ९६ रनको सामान्य लक्ष्य काठमाडौंले तीन विकेटको क्षतिमा ११.४ ओभरमा पूरा गऱ्यो। काठमाडौंलाई जित दिलाउन कप्तान इशान पाण्डेले २४ बलमा ४० रनको योगदान दिए भने दिल्लीलाई सस्तैमा समेट्न बलिङतर्फ रूपेश श्रीवास्तव र कमल साहीले चार ओभर खर्चिएर समान तीन विकेट लिए।

दिल्लीका तर्फबाट ब्याटिङमा मयंक मल्लिकले ३७ रनको योगदान दिए भने सबाकरिमले दुई विकेट लिए। बलिङमा पनि दुई विकेट लिएका काठमाडौंका कप्ता पाण्डे खेलको म्यान अफ दी म्याच भए। उनले ११ हजार नगद पुरस्कार प्राप्त गरे।

### राष्ट्रिय लिग

# मच्छिन्द्रको सहज जित

■ प्रभाव संवाददाता

**काठमाडौं –** मच्छिन्द्र फुटबल क्लबले राष्ट्रिय लिगमा श्री भगवती क्लब टोखाविरुद्ध सहज जित निकालेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शुक्रबार सम्पन्न खेलमा मच्छिन्द्रले २-० गोल अन्तरले हराएको हो। लिगमा भागवतीको यो चौथो हार हो। मच्छिन्द्रको भने पाँचौं जित हो।

जितसँगै शीर्ष स्थानमा रहेको मच्छिन्द्रले ६ खेल खेल्दै १६ अंक पुऱ्याएको छ। समान खेलबाट भगवतीको ४ अंक छ।

मच्छिन्द्र सुरुदेखि नै आक्रामक खेल्दा भगवती भने डिफेन्सिप देखिएको थियो। तर, दुवै टोलीले गोल गर्न नसक्दा पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो।

खेलको ४३ औं मिनेटमा मच्छिन्द्रको इसाक अनोहले दिएको पासलाई प्रदीप भण्डारीले प्रहार गरेका थिए। तर, गोल हुनबाट चुक्यो। पहिलो हाफको इन्जुरी समयमा मच्छिन्द्रको जोनाथन क्यान्टिलानाले गरेको प्रहारलाई भागवतीका कप्तान कृषल मोक्तानले उत्कृष्ट बचाउ गर्दै टोलीको संकट टारे।

५१औं मिनेटमा फ्रैंकको पासमा जोनाथनको प्रहारले लक्ष्य छुन सकेन। त्यसको दुई मिनेटपछि जोनाथनको फ्री किकमा प्रदीप बुढाथोकीले गोल गर्दै मच्छिन्द्रलाई सुरुआती अग्रता दिलाए।

५७ औं मिनेटमा दिवाकर चौधरीको पासमा फ्रैंकले गोल गर्दै मच्छिन्द्रलाई जित दिलाए।

# बूढासुब्बा गोल्डकप: रोयल थिम्पु र झापा-११ बीच प्रतिस्पर्धा

■ प्रभाव संवाददाता

**सुनसरी–** सुनसरीको धरानमा जारी २६औँ संस्करणको अन्तरराष्ट्रिय आमन्त्रण बूढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताअन्तर्गत शुक्रबार रोयल थिम्पु क्लब (भुटान) र झापा-११ झापाबीच प्रतिस्पर्धा हुँदैछ।

धरान उपमहानगरपालिका-१६ स्थित धरान रंगशालामा बिहीबारदेखि सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा आयोजक धरान फुटबल क्लबले जर्जियन फुटबल क्लब (भारत) लाई टाइब्रेकरमा ४-२ गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरेको छ।

प्रतियोगितामा १० टोली सहभागी छन्। विजेताले रु १० लाख र उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् भने उत्कृष्ट खेलाडीलाई एक थान होन्डा स्कुटर प्रदान गरिने आयोजक धरान फुटबल क्लबका अध्यक्ष प्रताप तामाङले जानकारी दिए। उनका अनुसार प्रत्येक खेलका 'म्यान अफ द म्याच' लाई जनही रु १० हजार प्रदान गरिने छ।

उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर तथा उत्कृष्ट प्रशिक्षकलाई जनही रु २५ हजार प्रदान गरिनेछ भने सर्वाधिक गोलकर्तालाई रु ३५ हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।

धरान फुटबल क्लबले २०५५ सालदेखि आयोजना गर्दै आएको उक्त प्रतियोगिता माघ २२ देखि सुरु भई आगामी फागुन २ गतेसम्म सञ्चालन हुनेछ। गत वर्षको प्रतियोगिताको उपाधि एनआरटी क्लब काठमाडौंले जितेको थियो भने चर्च ब्वाइज युनाइटेड क्लब काठमाडौं उपविजेता बनेको थियो।

# बंगलादेशमा इस्लामवादी उम्मेदवारको चुनावी चुनौती



**ढाका–** बंगलादेशको सबैभन्दा ठूलो इस्लामवादी दलका नेता तथा प्रधानमन्त्री पदका उम्मेदवार शफिकुर रहमान यसअघि तीनपटक चुनाव लडेर पराजित भएका थिए । यसपटक भने उन अन्ततः विजय हासिल गर्ने आशामा छन् ।

सन् २०२४ को जनविद्रोहपछि १५ वर्षसम्म सत्तामा रहेकी प्रधानमन्त्री शेख हसिना अपदस्थ भएपछि बंगलादेशका मतदाताहरूले पहिलोपटक बिहीबार मतदान गर्दै छन् । सो विद्रोहपछि इस्लामवादी गतिविधिमाथि गरिएको लामो दमनको अन्त्य भएको मानिन्छ ।

६७ वर्षीय चिकित्सक तथा धार्मिक प्रचारक रहमानले नेतृत्व गरेको ११ दलीय गठबन्धनले चुनाव जित्ने सम्भावना रहेको दाबी गरिएको छ । तर आलोचकहरू र अल्पसंख्यक समुदाय भने इस्लामवादी विजय आफ्नै अधिकार र सुरक्षामाथि असर पार्न सक्ने चिन्तामा छन् ।

रहमानले चुनावी अभियानमा समाजको नैतिक नवीकरणका लागि आफू उभिएको बताउँदै सुशासन, स्थिरता, शान्ति र समृद्धिको वाचा गरेको छ । सफल भएमा उनले संवैधानिकरूपमा धर्मनिरपेक्ष बंगलादेशमा पहिलो इस्लामवादी नेतृत्वको सरकार गठन गर्न सक्ने छन् ।

सेतो दाह्री र सेतो पहिरनमा देखिने रहमानको जमात-ए-इस्लामी पार्टीले पुरुष उम्मेदवारहरू मात्र उठाएको छ । यसले महिला अधिकारका विषयमा आलोचना पनि निम्त्याएको छ । पूर्वप्रधानमन्त्री हसिनाले भारतको नजिकिँदो नीतिका साथ इस्लामवादी समर्थक र चरमपन्थीहरूमाथि कडा कारबाही गरेकी थिइन् । उनको पतनपछि धेरै इस्लामवादी नेताहरू जेलबाट रिहा भएका छन् ।

उत्तरपूर्वी मौलभीबाजार जिल्लामा जन्मिएका रहमान सन् १९९६, २००१ र २०१८ मा संसद् चुनाव लडेका थिए । उनकी पत्नी अमीना शफिक पनि चिकित्सक छिन् र सन् २०१८ मा आरक्षित महिला सिटमा निर्वाचित भएकी थिइन् ।

गत वर्ष महिलाको रोजगारी र भूमिकासम्बन्धी उनका अभिव्यक्तिले व्यापक आलोचना जन्माएको थियो । सामाजिक सञ्जालमा महिलाविरोधी टिप्पणी भएको एक पोस्टपछि ढाकामा महिलाहरूले विरोध प्रदर्शनसमेत गरेका थिए । रहमानले उक्त पोस्ट आफूले नगरेको र खाता ह्याक भएको दाबी गरेको छ । कतिपय महिला नेताहरूले उनीसँग महिला अधिकार र अल्पसंख्यकप्रतिको दृष्टिकोण स्पष्ट पार्न माग गरेका छन् । विद्यार्थी आन्दोलनबाट उदाएकी नेतृ ताजनुबा जाबिनले स्पष्ट प्रतिबद्धता नहुँदासम्म महिला अधिकारको कुरा विश्वासयोग्य नहुने बताएकी छन् ।

रहमानले इस्लामवादी समूहहरूको गठबन्धनको नेतृत्व गरिरहेका छन्, जुन वैचारिकरूपमा मुस्लिम ब्रदरहुडसँग नजिक मानिन्छ । उनको दलमाथि सन् १९७१ को स्वतन्त्रता युद्धका बेला पाकिस्तानलाई समर्थन गरेको आरोप पनि लाग्दै आएको छ ।

यद्यपि, पार्टीको विद्यार्थी संगठनले देशभरका विश्वविद्यालय निर्वाचनमा उल्लेखनीय सफलता हासिल गरेको छ । विश्लेषकहरूका अनुसार उनको समायोजनशील स्वभाव नै उनको प्रमुख शक्ति हो । बंगलादेशको करिब १० प्रतिशत जनसंख्या गैरमुस्लिम रहेको सन्दर्भमा अल्पसंख्यक समुदाय अझै चिन्तित छ । रहमानले जाति वा धर्मको भेद नगरी सबैको अधिकार रक्षा गरिने आश्वासन दिएका छन् र एक जना हिन्दू उम्मेदवारलाई पनि पार्टी सूचीमा समावेश गरेको छ ।

उनले भारतसँग सन्तुलित सम्बन्धको पक्षमा बोल्दै मेलमिलापमुखी विदेश नीतिको संकेत दिएका छन् । तर उनको गठबन्धनमा रहेका केही कट्टरपन्थी समूहले सांस्कृतिक गतिविधि र महिला खेलकुदमाथि प्रतिबन्धको माग गर्दै आएका छन् । थप उग्र तत्वहरूद्वारा सुफी तीर्थस्थलमाथि आक्रमणजस्ता घटनाले पनि चिन्ता बढाएको छ । *रासस/एएफपी*



मालीको जेनेस्थित ग्रेट मस्जिद अफ जेनेको पुनर्निर्माणको क्रममा टाउकोमा माटोले भरिएका बाल्टिन बोकेर हिंड्दै मानिसहरू ।

*तस्बिरः एएफपी*

# रूसी जनरलमाथि गोली प्रहार

**मस्को–** रूसका एक वरिष्ठ जनरलमाथि शुक्रबार बिहान मस्कोको एक अपार्टमेन्ट भवनमा गोली प्रहार भएको छ । उनलाई अस्पतालमा भर्ना गरिएको अधिकारीहरूले बताएका छन् । पछिल्लो समय एक शीर्ष रूसी सैन्य व्यक्तित्वमाथि भएको यो घटनालाई स्पष्ट हत्या प्रयासका रूपमा हेरिएको छ ।

प्रमुख गम्भीर अपराधहरूको अनुसन्धान गर्ने रूसको अनुसन्धान समितिले रूसी जनरल स्टाफमा वरिष्ठ भूमिका निर्वाह गरिरहेका जनरल भ्लादिमिर अलेक्सेभमाथि घटनास्थलबाट भाग्नुअघि 'अज्ञात व्यक्तिले धेरै पटक गोली हानेको' जनाएको छ । 'पीडितलाई अस्पतालमा भर्ना गरिएको छ,' अनुसन्धान समितिले जारी गरेको विज्ञप्तिमा थप उल्लेख गरिएको छ ।

घटनामा संलग्न सन्दिग्ध व्यक्ति वा व्यक्तिहरूको पहिचानबारे भने समितिले कुनै विवरण दिएको छैन । फेब्रुअरी २०२२ मा मस्कोले युक्रेनमाथि पूर्णआक्रमण सुरु गरेयता धेरै उच्च पदस्थ रूसी सैन्य अधिकारीहरू मारिएका छन् । तीमध्ये केही आक्रमणको जिम्मेवारी किएभले लिएको छ ।

अनलाइन जीवनीअनुसार जनरल अलेक्सेभ एक क्यारियर सैन्य अधिकारी छन् र हाल रूसी जनरल स्टाफको पहिलो उपप्रमुखको जिम्मेवारी सम्हालिरहेका छन् । उनले सिरियामा रूसको सैन्य हस्तक्षेपका क्रममा गुप्तचर कारबाहीको नेतृत्व गरेको थियो र त्यतिबेला वर्तमान नेता बशर अल-असदलाई समर्थन गरेको थियो ।

साथै, सन् २०२३ मा रुसी सेनाका शीर्ष अधिकारीहरूविरुद्ध विद्रोह गर्ने प्रयास हुँदा वागनर समूहका प्रमुख येवगेनी प्रिगोझिनसँग वार्ता गर्न उनलाई पठाइएको थियो । 'माथि उल्लिखित अपराधमा संलग्न व्यक्ति वा व्यक्तिहरूको पहिचान गर्न अनुसन्धान प्रक्रिया र परिचालन खोजीका सबै उपायहरू अपनाइरहेका छौं,' अनुसन्धान समितिकी प्रवक्ता स्वेतलाना पेट्रेन्कोले विज्ञप्तिमार्फत भने ।

गत महिना एक रूसी अदालतले सन् २०२४ मा रूसी सेनाको रेडियोलोजिकल, केमिकल तथा बायोलोजिकल डिफेन्स फोर्सका प्रमुख जनरल इगोर किरिलोभको हत्या गरेको अभियोगमा उज्बेकिस्तानका एक नागरिकलाई आजीवन कारावासको सजाय सुनाएको थियो । जनरल किरिलोभ मस्कोमा एउटा अपार्टमेन्ट ब्लक छोड्ने क्रममा बुबी-ट्र्याप गरिएको स्कुटर विस्फोट हुँदा मारिनुभएको थियो । उक्त आक्रमण आफूहरूले योजनाबद्ध रूपमा गराएको दाबी किएभले गरेको थियो । *रासस/एएफपी*

# जापानमा विश्वकै ठूलो आणविक संयन्त्र पुनः सुरू हुने



**टोकियो–** जापानले विश्वको सबैभन्दा ठूलो आणविक ऊर्जा संयन्त्र अर्को हप्ता पुनः सञ्चालनमा ल्याउने भएको छ । सन् २०११ को फुकुसीमा आणविक प्रकोपपछि पहिलोपटक पुनः सुरु गर्ने प्रयास अलार्मसँग सम्बन्धित गडबडीका कारण अस्थायीरूपमा निलम्बन गर्नुपरेको थियो ।

टोकियो इलेक्ट्रिक पावर कम्पनी (टेप्को) द्वारा सञ्चालित काशीवाजाकी-कारिवा आणविक संयन्त्रका प्रमुख ताकेयुकी इनागाकीले शुक्रबार पत्रकार सम्मेलनमा फेब्रुअरी ९ मा रिएक्टर सुरु गर्ने योजना रहेको जानकारी दिए ।

टेप्कोले जनवरी २१ मा रिएक्टर पुनः सञ्चालनमा ल्याएको थियो । तर अनुगमन प्रणालीबाट अलार्म बजेसँगै भोलिपल्ट रिएक्टर बन्द गरिएको थियो । इनागाकीका अनुसार कन्फिगरेसनमा भएको त्रुटिका कारण अलार्मले एउटा केबलमा विद्युतीय प्रवाहमा सानो परिवर्तन देखाएको थियो । ती परिवर्तनहरू अझै पनि सुरक्षित दायराभित्र नै रहेकाले सुरक्षा जोखिम नभएको उनले स्पष्ट पारे ।

रिएक्टर सञ्चालन गर्न सुरक्षित रहेको निष्कर्षपछि कम्पनीले अब अलार्मको सेटिङ परिवर्तन गरेको इनागाकीले बताए । उनका अनुसार अर्को चरणमा व्यापक निरीक्षण गरिने छ र मार्च १८ मा वा त्यसपछि व्यावसायिक सञ्चालन सुरु गर्ने लक्ष्य राखिएको छ ।

काशीवाजाकी-कारिवा संयन्त्र सम्भावित उत्पादन क्षमताका आधारमा विश्वकै सबैभन्दा ठूलो आणविक ऊर्जा केन्द्र मानिन्छ । यद्यपि, यसका सात रिएक्टरमध्ये हाल एउटामात्र रिएक्टर पुनः सुरु गरिँदै छ ।

सन् २०११ मा आएको शक्तिशाली भूकम्प र सुनामीका कारण फुकुसीमा आणविक संयन्त्रका तीन रिएक्टर पग्लिएपछि जापानले अधिकांश आणविक ऊर्जा केन्द्रहरू बन्द गरेको थियो । त्यसयता काशीवाजाकी-कारिवा पनि लामो समयदेखि बन्द अवस्थामा थियो ।

ऊर्जा स्रोतमा सीमितता भएको जापानले जीवाश्म इन्धनमाथिको निर्भरता घटाउने, सन् २०५० सम्म कार्बन तटस्थता हासिल गर्ने र कृत्रिम बौद्धिकता (एआई) को विस्तारसँगै बढ्दो ऊर्जा माग पूरा गर्ने लक्ष्यसहित आणविक ऊर्जालाई पुनर्जीवित गर्न चाहेको छ । काशीवाजाकी-कारिवा सन् २०११ पछि टेप्कोद्वारा सञ्चालनमा ल्याइने पहिलो आणविक एकाइ हो । टेप्कोले फुकुसीमा दाइची संयन्त्र पनि सञ्चालन गरेको थियो, जुन हाल चरणबद्ध रूपमा बन्द गर्ने प्रक्रियामा छ ।

संयन्त्र वरपरको क्षेत्रमा जनमत भने गहिरो रूपमा विभाजित देखिन्छ । निगाता प्रान्तले सेप्टेम्बरमा गरेको सर्वेक्षणअनुसार करिब ६० प्रतिशत बासिन्दाले पुनः सञ्चालनको विरोध गरेका छन् भने ३७ प्रतिशतले समर्थन जनाएका छन् ।

जनवरीमा पुनः सुरुको विरोध गर्ने सात समूहले करिब ४० हजारको हस्ताक्षर संकलन गरी टेप्को र जापानको आणविक नियमन प्राधिकरणसमक्ष निवेदन पेस गरेका थिए । उनीहरूले संयन्त्र सक्रिय भूकम्पीय फल्ट जोनमा अवस्थित रहेको र सन् २००७ मा शक्तिशाली भूकम्पको प्रभावमा परेको तथ्य औंल्याउँदै सुरक्षा चिन्ता व्यक्त गरेका थिए । *रासस/एएफपी*

# अमेरिका-रुसबीच सैन्य संवाद पुनः सुरु

**किएभ–** युक्रेन युद्ध अन्त्यको प्रयाससँगै अमेरिका र रुसले चार वर्षभन्दा बढी समयपछि उच्चस्तरीय सैन्य संवाद पुनः स्थापना गर्न सहमति जनाएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प पुनः कार्यभारमा फर्किएपछि दुई देशबीच देखिएको सम्बन्ध सुधारको यो अर्को संकेत मानिएको छ ।

फेब्रुअरी २०२२ मा युक्रेनमा रुसी पूर्णस्तरको आक्रमण हुनुअघि बढ्दो तनावका कारण सन् २०२१ को अन्त्यतिर मस्को र वासिङ्टनबीच उच्चस्तरीय सैन्य सञ्चार रोकिएको थियो । ट्रम्पले दोस्रो कार्यकालका लागि चुनावी अभियान चलाउँदा युद्ध तत्काल अन्त्य गर्ने वाचा गरेका थिए । उनका केही शान्ति प्रस्तावहरूले क्रेमलिनलाई अनुकूल देखिएको भन्दै आलोचना पनि भएको छ, जसमा युक्रेनले रुसलाई केही भूभाग सुम्पिनुपर्ने धारणा समावेश छन् ।

पुनःस्थापित सैन्य सञ्चार च्यानलले दुवै पक्ष स्थायी शान्तितर्फ काम गरिरहेका बेला नियमित सैन्य-सैन्य सम्पर्क सुनिश्चित गर्ने अमेरिकी युरोपेली कमाण्डले जनाएको छ । संयुक्त अरब इमिरेट्सको राजधानी अबुधाबीमा वरिष्ठ अमेरिकी र रुसी सैन्य अधिकारीहरूबीच भएको बैठकपछि यो सहमति बनेको हो । युरोपमा अमेरिकी र नाटो दुवै सेनाका कमाण्डर रहनुभएका अमेरिकी जनरल एलेक्सस ग्रिन्केविच अबुधाबीमा रहेका थिए । त्यहाँ अमेरिकी, रुसी र युक्रेनी अधिकारीहरूबीच युद्ध अन्त्यसम्बन्धी वार्ता दोस्रो दिनमा प्रवेश गरेको थियो ।



यसैबीच, रुसले युक्रेनको पावर ग्रिडमाथि आक्रमण तीव्र बनाएको छ । युक्रेनका अनुसार यसले नागरिक मनोबल कमजोर पार्ने उद्देश्य बोकेको छ । करिब एक हजार किलोमिटर लामो पूर्वी र दक्षिणी मोर्चामा लडाइँ जारी नै छ ।

सैन्य हटलाइन पुनः सुरु हुनु युद्धपछि बढेको तनाव कम गर्ने र अमेरिकी तथा रुसी सेनाबीच आकस्मिक टकराव रोक्ने प्रयासका रूपमा हेरिएको छ । मार्च २०२३ मा कृष्ण सागरमाथि अमेरिकी एमक्यू-९ ड्रोन र रुसी लडाकु विमानबीच भएको घटनाले यस्तो जोखिम उजागर गरेको थियो । रुसले उक्त ड्रोन खसालिएको आरोप अस्वीकार गर्दै नो-फ्लाई जोन उल्लंघनको प्रतिक्रियामात्र भएको दाबी गरेको थियो ।

नाटो सदस्य राष्ट्रहरूले सहयोगी हवाई क्षेत्रमा रुसी गतिविधि बढ्दै गएको भन्दै चिन्ता व्यक्त गरेका छन् । गत सेप्टेम्बरमा रुसी ड्रोनहरू पोल्याण्डको हवाई क्षेत्रमा प्रवेश गरेपछि नाटो विमानहरू परिचालन गरिएको थियो । त्यसपछि एस्टोनियाको हवाई क्षेत्रबाट पनि रुसी लडाकु विमानहरू हटाइएको थियो ।

युक्रेन र रुसबीचको वार्तापछि कैदी आदानप्रदान पनि भएको छ । रुसी रक्षा मन्त्रालयका अनुसार १५७ रुसी सैनिक र तीन नागरिक फिर्ता ल्याइएका छन् । युक्रेनी अधिकारीहरूले १५० सैनिक र सात नागरिक रुसी कैदबाट फर्किएको जानकारी दिएका छन् । रिहा गरिएका रुसी सैनिकहरू हाल बेलारुसमा चिकित्सकीय सहयोग लिइरहेका छन् ।

युक्रेनी मानवअधिकार आयुक्त दमित्रो लुबिनेट्सले फर्किएका धेरै सैनिकहरू कठिन मनोवैज्ञानिक अवस्थामा रहेको र केही गम्भीररूपमा कुपोषित देखिएको बताए । युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रुसको आक्रमणपछि करिब ५५ हजार युक्रेनी सैनिकको मृत्यु भएको बताएका छन् । उनका अनुसार अझै धेरै व्यक्ति बेपत्ता मानिएका छन् । युद्धपछिको कुनै पनि सम्भावित रुसी आक्रमण रोक्न अमेरिका र युरोपबाट सुरक्षा ग्यारेन्टी आवश्यक रहेको उनले दोहोऱ्याएका छन् ।

मानवअधिकार समूहहरूका अनुसार गत वर्ष युक्रेनी नागरिक हताहत २०२४ को तुलनामा ३१ प्रतिशतले बढेको छ । संयुक्त राष्ट्रसंघको तथ्यांकअनुसार युद्ध सुरु भएदेखि करिब १५ हजार नागरिक मारिएका छन् र ४० हजारभन्दा बढी घाइते भएका छन् ।

अन्य घटनाक्रममा, युक्रेनले रुसी सेनाले फ्रन्ट लाइनमा स्टारलिंक इन्टरनेट टर्मिनल प्रयोग गर्न नसक्ने अवस्था आएको दाबी गरेको छ । पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्कले किएभ भ्रमणका क्रममा गोला-बारुदको संयुक्त उत्पादन र ऊर्जा सहकार्य विस्तारमा सहमति भएको जानकारी दिएका छन् ।

युक्रेनी वायु सेनाका अनुसार रुसले रातभर १८३ ड्रोन र दुई ब्यालेस्टिक मिसाइल प्रहार गरेको थियो । रुसले भने आफ्नो हवाई रक्षाले विभिन्न क्षेत्रमा ९५ युक्रेनी ड्रोन खसालेको दाबी गरेको छ । *रासस/एपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २९१००० | प्रति तोला - ० | प्रति तोला - ४७१० |



**स्ट्रबेरी गोडमेल** | दाङको घोराही उपमहानगरपालिका-१४ स्थित झिँगौरामा स्वर्गद्वारी आश्रमको एक बिघा क्षेत्रफलको जग्गा भाडामा लिएर एग्रोमार्टका प्रोप्राइटर रोल्पाका वीरेन्द्र खड्काले गरेको व्यावसायिक स्ट्रबेरी खेतीमा गोडमेल गर्दै कामदार । *तस्बिर : रासस*

# राष्ट्र बैंक र आइएमएफबीच समीक्षा बैठक



■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेल र अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) का प्रतिनिधिहरूबीच शुक्रबार विस्तारित कर्जा सुविधा (इसीएफ) अन्तर्गत अन्तिम किस्ता अघि समीक्षा बैठक सम्पन्न भएको छ ।

बैठकमा नेपाली अर्थतन्त्रको वर्तमान अवस्था, यसअघि प्राप्त इसीएफका किस्ता र बाँकी सुधार कार्यक्रमहरूबारे विस्तृत छलफल भएको राष्ट्र बैंकले जनाएको छ । विशेषगरी नेपाल राष्ट्र बैंक ऐन संशोधनको प्रगति, वित्तीय प्रणाली सुधार र आगामी नीतिगत उपायहरूलाई प्राथमिकतामा राखेर चर्चा भएको थियो ।

नेपाली पक्षले यसअघि इसीएफ अन्तर्गत ६ वटा किस्ता प्राप्त गरिसकेको छ । नेपालले इसीएफ अन्तर्गत ३४ करोड १२ लाख अमेरिकी डलर प्राप्त गरिसकेको छ । अन्तिम किस्ता पाउनका लागि बाँकी रहेका शर्तहरू पूरा हुनुपर्नेछ । आईएमएफ टोलीले राजनीतिक अस्थिरता र विश्वव्यापी अनिश्चितताबाहेक कार्यक्रमको कार्यसम्पादन सामान्यतया सफल रहेको टिप्पणी गरेको छ । तर अन्तिम किस्ता पाउन नेपाल राष्ट्र बैंक ऐन संसदमा टेबुल हुनुपर्ने सर्त अझै पूरा हुन बाँकी छ । गभर्नर पौडेलले ऐनको मस्यौदा तयार भएको र चाँडै संसदमा टेबुल हुने आश्वासन दिएका छन् ।

बैठकमा राष्ट्र बैंकको स्वायत्तता, चालु पुँजी कर्जा मार्गदर्शन, बैंकिङ क्षेत्रको सुधार, ऋण लगानी र लेखापरीक्षणसम्बन्धी विषयहरू पनि छलफलमा आएका थिए । आईएमएफले नेपालमा इसीएफ कार्यक्रम समाप्त भएपछि आगामी चरणका सम्भावित कार्यक्रमबारे पनि चासो व्यक्त गरेको छ ।

बैठकपछि आईएमएफ टोलीले प्रारम्भिक प्रतिवेदन अर्थमन्त्री रामेश्वर खनाल र गभर्नर पौडेललाई बुझाउने छ । प्रतिवेदनको समीक्षा पछि मात्रै अन्तिम किस्ता जारी हुने सम्भावना छ ।

यस समीक्षा बैठकले नेपाललाई आर्थिक सुधारका योजनाहरूमा गति दिने अपेक्षा गरिएको छ । तर राजनीतिक अस्थिरता, संरचनागत चुनौतीहरू र आवश्यक सुधारबीच सन्तुलन मिलाउनु अझै चुनौतीपूर्ण रहेको छ ।

# ८० करोड आठ लाख राजस्व संकलन

■ प्रभाव संवाददाता

**बागमती–** हेटौँडास्थित आन्तरिक राजस्व कार्यालयले गत महिना रु ८० करोड आठ लाख ९९ हजार राजस्व संकलन गरेको छ ।

चालु आर्थिक वर्षको प्रथम छ महिनामा रु तीन अर्ब २७ करोड ९२ लाख ३२ हजार राजस्व संकलन गरेको छ । यो अघिल्लो आवको सोही अवधिको तुलनामा रु आठ करोड ८६ लाख १० हजारले  बढी हो ।

यसैगरी चालु आवको पहिलो छ महिनामा अन्तशुल्कतर्फ रु एक अर्ब ८८ कारेड ६४ लाख ८७ हजार, आयकरतर्फ रु ५९ करोड ३२ लाख ७१ हजार, मूल्य अभिवृद्धि करतर्फ रु ४६ करोड ७१ लाख ३० हजार, स्वास्थ्य जोखिम




करतर्फ रु २७ करोड ७३ लाख दुई हजार, ब्याजकरतर्फ रु तीन करोड ६९ लाख ४७ हजार र बहालकरतर्फ रु ८१ लाख २६ हजार राजस्व संकलन उक्त कार्यालयले जनाएको छ ।

गत आवको सोही अवधिमा  रु तीन अर्ब १९ करोड छ लाख २२ हजार राजस्व संकलन भएको थियो ।

उक्त कार्यालयमा आयकरतर्फ ३३ हजार ५९६, मूल्य अभिवृद्धितर्फ पाँच हजार ८४९, अन्तशुल्कतर्फ एक हजार ५९८, विथहोल्डतर्फ ७११ र व्यक्तिगततर्फका ८१ हजार ८१२ करदाता सूचीकृत छन् ।

कर दाखिला गर्न आनाकानी गर्ने करदाताहरूको घरमा पुग्ने, टेलिफोन र एसएमएसमार्फत ताकेता गर्ने, कर छुटसम्बन्धी सुविधाबारे प्रचारप्रसार गर्नेलगायत अभियान सञ्चालन गरी रु १० करोड बक्यौता असुली भएको कार्यालय प्रमुख युक्तप्रसाद सुवेदीले बताए ।

# भैरहवा क्षेत्रमा रात्रिकालीन बजार सञ्चालनका लागि पहल गरिने

■ प्रभाव संवाददाता

**देवदह–** रूपन्देहीको भैरहवामा रात्रिकालीन बजार सञ्चालनका लागि पहल गरिने भएको छ ।  सिद्धार्थ सञ्जाल, रूपन्देहीले यस क्षेत्रमा रात्रिकालीन बजार सञ्चालनका लागि स्थानीय सरकार (सिद्धार्थनगर नगरपालिका), जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयसँग आवश्यक परामर्श तथा पहल गर्ने भएको हो ।

नवलपरासी (बर्दघाट-सुस्ता-पूर्व), नवलपुरको कावासोती नगरपालिका-१५ स्थित बाघखोरमा हालै भएको सञ्जालको समीक्षा तथा योजना बैठकले यस्तो निर्णय गरेको अध्यक्ष अनिलकुमार ज्ञवालीले बताए । अध्यक्ष ज्ञवालीले विगतमा पनि रात्रिकालीन बजार सञ्चालनका लागि समिति बने पनि आवश्यक काम अघि बढ्न भने बाँकी रहेको बताए ।

उनले बजार सञ्चालनका लागि विशेष गरी प्रहरी-प्रशासन र स्थानीय सरकारको साथ र सहयोग आवश्यक रहेकामा जोड दिए । सञ्जालले विगतमा पनि पहल गरेको र पुनः पहल थाल्ने उनले जानकारी दिए । यसमा सिद्धार्थनगर नगरपालिकाले विशेष चासो राख्नुपर्ने उनको भनाइ छ ।

'नेपालमा स्थलमार्ग हुँदै सबैभन्दा धेरै पर्यटक बेलहिया नाका हुँदै भित्रिने गरेका छन्, तर गौतमबुद्धको जन्मस्थल लुम्बिनीको मुख्य प्रवेशद्वार भैरहवामा पर्यटकको बसाई अवधि लम्ब्याउन सकिएको छैन, बेलहिया हुँदै अन्यत्र जाने पर्यटकलाई कम्तीमा एकदिन भए पनि भैरहवामा बसाउन रात्रीकालीन बजार सञ्चालनको अत्यन्तै आवश्यकता छ', अध्यक्ष ज्ञवालीले भने ।

हप्तामा कम्तीमा दुईदिन रात्रिकालीन बजार सञ्चालन गरी स्थानीय खानाका परिकारको स्टल राख्ने, विभिन्न जातजाति तथा समुदायबाट सांस्कृतिक प्रस्तुति, गौतमबुद्धको जीवनीमा आधारित वृत्तचित्र देखाउनुका साथै विभिन्न कार्यक्रम आयोजना गर्न सकिने उनको भनाइ छ ।

रात्रिकालीन बजार सञ्चालन भएपछि यहाँ आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढ्ने र यस क्षेत्रको आर्थिक गतिविधिलाई अझ चलायमान बनाउन सहयोग पुग्ने अध्यक्ष ज्ञवालीले बताए ।

समीक्षा तथा योजना बैठकले १८ बुँदे वार्षिक कार्ययोजना तय गरेको सिद्धार्थ सञ्जालका महासचिव मधुप्रसाद पन्थीले बताए । भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडानका लागि दबाबमूलक कार्यक्रम र सम्बन्धित ठाउँमा छलफल, पर्यटन प्रवर्द्धनसम्बन्धी योजना ल्याएर पर्यटकका समस्या समाधानका लागि पहल तथा पर्यटकीय र धार्मिकस्थलको पहिचान गरी प्रचारप्रसारको योजना ल्याउने निर्णय भएको महासचिव पन्थीले जानकारी दिए ।

करिब अढाइ वर्षअघि भैरहवा क्षेत्रका संघ-संस्थाको भेला गरी शिक्षा, स्वास्थ्य, पर्यटन, उद्योग, व्यवसाय क्षेत्रको विकासका लागि आवाज बुलन्द गर्ने उद्देश्यले सिद्धार्थ सञ्जाल, रूपन्देही गठन भएको वरिष्ठ उपाध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले बताए ।

# पर्यटकीयस्थल घोडेपानी जोड्ने सडक स्तरोन्नति योजना लक्ष्यअघि नै सम्पन्न

**म्याग्दी–** अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि पर्यटकीयस्थल घोडेपानी जोड्ने सडक स्तरोन्नतिका लागि सञ्चालित योजना लक्ष्यभन्दा दुई महिनाअघि नै सम्पन्न भएको छ ।

अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा रु ५० लाख बजेट विनियोजन गरेको पोखरेबगर-घार-चित्रे सडक योजनामार्फत प्रतिस्पर्धामा छनोट भएको निर्माण कम्पनीले काम थालेको दुई महिनामै सम्पन्न गरेको हो ।

विसं २०८२ चैत ३० गतेसम्म सम्पन्न गर्ने लक्ष्यसहित गत मङ्सिर २८ गते रु ३६ लाख १८ हजार ३४३ मा ठेक्का सम्झौता गरेको एसएस विल्डर्स प्रालिले यसै हप्ता काम सम्पन्न गरेको अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कपिल पाण्डेले बताए ।

घारको बिरौटा चोकदेखि भुन्या खण्डमा यसअघि सोलिङ भएको ठाउँमा ३०० मिटर आरसिसी ढलान गरिएको उनले बताए । अन्नपूर्ण गाउँपालिका-६ मा पर्ने पोखरेबगर र घोडेपानी जोड्ने यो सडक पोखरादेखि मुस्ताङ जोड्ने वैकल्पिक पनि



हो । अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले सडक ढलान भएपछि स्थानीयवासीका साथै घोडेपानी-पुनहिल घुम्न आउने पर्यटकलाई सहज भएको बताए । निर्माण व्यवसायीले पर्याप्त मजदुर, उपकरण परिचालन र निर्माण सामग्री व्यवस्थापन गरेर लक्ष्यभन्दा अगाडि नै सडक निर्माण गरेको वडाध्यक्ष खड्काले बताए ।

पोखरेबगरदेखि घोडेपानी जोड्ने २१ किलोमिटर दूरीको यो सडक अन्नपूर्ण गाउँपालिका-५ र ६ का बासिन्दाका साथै घोडेपानी-पुनहिल घुम्न आउने पर्यटकहरूले प्रयोग गर्छन् । घोडेपानीदेखि कास्कीको उल्लेरी बिरेठाँटी हुँदै मध्यपहाडी लोकमार्गको नयाँपुलसम्म पनि सडकको मार्ग खुलेको छ ।

गण्डकी प्रदेश सरकारमार्फत पोखरेबगर-घोडेपानी सडकको चित्रे-घोडेपानी खण्डको तीन किलोमिटरमा फराकिलो पार्ने, नाली र टेवा पर्खाल बनाएर स्तरोन्नति गर्ने आयोजना सञ्चालन भएको छ । पोखरेबगर-बिरौटा खण्डको कुरमुनी र लुलिया घुम्तीको पहिरो प्रभावित क्षेत्रमा पहिरो रोकथाम र सडक स्तरोन्नति गर्न सङ्घीय सरकारले चालु आर्थिक वर्षमा रु तीन करोड विनियोजन गरेको थियो ।

स्थानीय पूर्वाधार आयोजना कास्कीअन्तर्गतको उक्त योजनाको बजेट सरकारले रोक्का गरेकाले कार्यान्वयन प्रक्रिया अघि नबढेको र पहल भइरहेको वडाध्यक्ष खड्काले बताए । उक्त सडकको घोप्टेखर्कमा पहिरोका कारण साँघुरिएको सडकमा गाउँपालिकाले कुनातर्फ पर्खाल निर्माण गरेर फराकिलो पारि यातायात सञ्चालनको व्यवस्था मिलाएको छ ।  वार्षिक ३० हजार जनाको अनुपातमा विदेशी पर्यटकले भ्रमण गर्ने घोडेपानीमा सोभन्दा बढी आन्तरिक पर्यटक आउँछन् । पहाडको टाकुरामा अवस्थित घोडेपानी र नजिकैको पुनहिल सूर्योदय, हिमशृंखला, पहाडी भूगोल, गुराँसे जंगल, वन्यजन्तु, पन्छी, मगर संस्कृतिलगायत आकर्षण रहेको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ